# अध्याय एक : शोधपरिचय

## पृष्ठभूमि

भाषा सञ्चारको सशक्त माध्यम हो । सञ्चार भन्नाले ती सम्पूर्ण क्रिया वा प्रक्रियालाई बुझिन्छ जसद्वारा कुनै व्यक्तिले आफ्नो विचार, भावना वा सूचनाहरू व्यवस्थित रूपले अर्को व्यक्ति वा समुदायसम्म पुऱ्याउँछ । सञ्चारको महत्वपूर्ण अङ्गको रूपमा समाचारपत्रलाई लिन सकिन्छ । लिपि र प्रेस इतिहासका साथसाथै पत्रकारिताको इतिहास अघि बढेको हो । प्रेसको विकासबिना पत्रकारिताको ठोस विकासको परिकल्पना गर्न सकिन्न । प्रेस र छापाखानाको विकासको लागि कच्चा पदार्थका रूपमा कागजको विकास हुनु अघि मौलिक सूचनालाई नै आधार मानिन्थ्यो । यसबाहेक मानव विकासको आदिम युगमा पक्षीलाई सन्देश वाहकका रूपमा लिइएको पाइन्छ । जसको उदाहरणका लागि मोतिराम भट्टको 'पिकदूत' मा लेखिएको विचारहरूलाई लिन सकिन्छ । पौराणिक कालमा नारदजीलाई वाहकका रूपमा दिइएको पाइन्छ ।

विश्वमा पन्ध्रौं शताब्दीमा छापाखानाको आविष्कार भए पनि नेपालमा भने बीसौं शताब्दीमा मात्र यसले प्रवेश पायो । नेपालमा परापूर्वकालमा राजाको उर्दी सुनाउने, कटुवाल कराउने, दमाहा ठोक्ने, शंख फुक्ने, झ्याली पिट्ने, तोप पड्काउने, कर्नाल बजाउने, बिगुल फुक्ने, गाइने, गन्धर्व लगायतबाट सञ्चारको कार्य गरिन्थ्यो । समयानुकूल परिवर्तन र विकाससँगै आजको वैज्ञानिक युगमा विश्व परिवर्तन दिन प्रतिदिन अग्रगतिमा लम्किरहेको छ ।

भाषाको विकास र विस्तारका लागि सञ्चारका विभिन्न साधनहरूले महत्वपूर्ण योगदान पुऱ्याएका हुन्छन् । भाषा सम्प्रेषणको उत्कृष्ट माध्यम भएका कारण सञ्चारको यसमा व्यवस्था गरिएको हुन्छ । समाचारपत्रले कुनै पनि विषयवस्तुमा विचार प्रकट गर्ने सम्पादकीय समाचारपत्रको मुख्य स्तम्भ हो । समाचारपत्रले कुनै पनि विषयवस्तु वा मुद्दामा मत वा विचार प्रकट गर्ने विश्लेषणात्मक लेख नै सम्पादकीय हो । सम्पादकीय समाचार वा विज्ञापन नभएर यो घटना, विषयवस्तुप्रति प्रतिक्रिया व्यक्त गर्ने ठाउँ हो । सम्पादकीय सुझाव, आलोचना र प्रस्ताव राख्ने फोरम पनि हो ।

सुनसरीबाट १.५० भन्दा बढी पत्रपत्रिका प्रकाशन भइरहेका छन् । यसमा 'प्रबोध' साप्ताहिक पत्रिका वि.सं. २०६८ सालदेखि छापा माध्यमबा रूपमा प्रकाशित हुन थालेको हो । प्रस्तुत 'प्रबोध' साप्ताहिक पत्रिकाको सम्पादकीयमा प्रयुक्त भाषाको अध्ययन नामक शोध अध्ययन सुनसरीबाट प्रकाशित साप्ताहिक पत्रिकाको सम्पादकीयमा प्रयुक्त नेपाली भाषाको भाषिक विश्लेषण गर्नमा केन्द्रित रहेको छ । भाषाका विभिन्न कोणबाट विश्लेषण गरी निष्कर्ष निकाल्दै आवश्यक सुझाव प्रस्तुत गरिएको छ । आजको युग सञ्चारको युग भएकाले त्यसबारे अध्ययन अनुसन्धान हुनु सान्दर्भिक ठहर्छ । प्रस्तुत अध्ययन सञ्चार माध्यमको प्रमुख साधनका रूपमा रहेको छापा पत्रकारितासँग सम्बन्धित रहेको छ ।

प्रस्तुत शोधप्रस्ताव त्रि.वि. शिक्षाशास्त्र सङ्कायअन्तर्गत नेपाली भाषा शिक्षा विषयको स्नातकोत्तर तह दोस्रो वर्षको ने.पा.शि. ५९८ पाठ्यांशको प्रयोजनार्थ तयार पारिएको छ ।

**समस्याकथन**

समस्याको परिचय नै अनुसन्धानको विशिष्ट कार्य हो । अनुसन्धानको विषयको संक्षिप्त स्पष्टोक्ति नै समस्याकथन हो । अध्ययन गरिएको शोध शीर्षक अन्तर्गत मुख्य मुख्य समस्या वा प्रश्नहरू वा तिनका सम्भावित समाधान नै समस्याकथन हो (शर्मा र लुइटेल २०५२ पृ.: २५) ।

प्रस्तुत अध्ययनमा सुनसरीबाट प्रकाशित साप्ताहिक पत्रिकाको सम्पादकीयमा प्रयुक्त नेपाली भाषालाई समस्याका रूपमा लिई अध्ययन गरिएको छ । तसर्थ ती पत्रिकामा प्रकाशित सम्पादकीयको भाषिक पक्षको अध्ययनार्थ निम्नलिखित समस्याहरूलाई लिइएको छ ।

क. 'प्रबोध' साप्ताहिक पत्रिकाको सम्पादकीयको बाह्य पक्षअन्तर्गत शीर्षक, संरचना, विषयवस्तु र शैली के कस्तो रहेको छ ?

ख. सम्पादकीयको आन्तरिक पक्षअन्तर्गत शब्दभण्डार, वाक्य, काल र नेपाली उखानको अवस्था के कस्तो रहेको छ ?

**अध्ययनको उद्देश्य**

प्रस्तुत अध्ययनका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

क.	'प्रबोध' साप्ताहिक पत्रिकाको सम्पादकीयको बाह्य पक्षअन्तर्गत शीर्षक, संरचना, विषयवस्तु र शैली के कस्तो रहेको छ ?

ख.	सम्पादकीयको आन्तरिक पक्षअन्तर्गत शब्दभण्डार, वाक्य, काल र नेपाली उखानको अवस्था के कस्तो रहेको छ ?

**अध्ययनको औचित्य र महत्व**

सञ्चारको क्षेत्रमा प्रयोग भएका भाषामा अन्य क्षेत्रमा प्रयोग हुने भाषाभन्दा फरक विशेषताहरू रहेका हुन्छन् । भाषाको स्तम्भलाई नियाल्दा सञ्चारमा प्रयोग हुने भाषाको स्तम्भमा आफ्नै विशेषता रहेको हुन्छ । समाचारपत्रका विज्ञापन, समाचार, कविता, रचनाहरू, श्रद्धाञ्जली, आदिमा प्रयोग गरिने भाषा पनि धेरै किसिमका हुन्छन् । प्रस्तुत शोध प्रस्तावमा 'प्रबोध' पत्रिकाको सम्पादकीयको भाषालाई बाह्य पक्ष र आन्तरिक पक्षको बारेमा अध्ययन गरिएको छ ।

पत्रिकाको सम्पादकीय स्तम्भ पत्रिकाको मुटु नै भएकाले यो आफैमा महत्वपूर्ण भाग हो । पत्रिकामा सम्पादकीय अङ्कको विशेष महत्व पाइन्छ किनभने यसले नै पत्रिकाको गुणस्तरको पहिचान गर्दछ । प्रस्तुत अध्ययनबाट सम्पादकीय भाषाको वाह्य पक्ष (शीर्षक, संरचना, विषयवस्तु र शैली) र आन्तरिक पक्ष (शब्दभण्डार, वाक्य, काल र नेपाली उखान) विद्यार्थीलाई पहिल्याउन सक्न, शिक्षकलाई शिक्षणमा सहयोग गर्न, शोधार्थीलाई यस शोधकार्य गर्न, अनुसन्धानकर्तालाई अनुसन्धान गर्न सहयोग पुऱ्याउने यस अध्ययन कार्यको आफ्नो प्रकारको औचित्य र महत्व रहेको छ ।

**अध्ययनको परिसीमा**

कुनै पनि शोध निरन्तर चलिरहने प्रक्रिया भएको हुनाले यो सधैंका लागि एकल रूपमा पूर्ण हुँदैन । एउटा शोधपत्रमा विषय शीर्षकले ओगट्ने जति सम्पूर्ण पक्षको अध्ययन गर्न सम्भव हुँदैन । शोधको क्षेत्र व्यापक र विशाल भएकाले अध्ययनको सीमाङ्कनमा गर्ने र गर्न सकिने कार्यहरू यी हुन् भनेर तोकिएको छ । जसबाट अध्ययन कार्य दुविधा र सन्देहबाट मुक्त रहेको छ ।

यसै कार्यलाई मध्यनजर गर्दै 'प्रबोध' पत्रिकाको सम्पादकीयमा प्रयुक्त भाषाको अध्ययन शीर्षकको शोधपत्रमा निम्नलिखित सीमा र परिधिमा रही अध्ययन कार्यलाई अगाडि बढाइएको छ ।

क. 'प्रबोध' साप्ताहिक पत्रिकाको सम्पादकीइमा प्रयोग गरिएको भाषाको अध्ययनसँग सम्बन्धित रहेको छ ।

ख. प्रस्तुत अध्ययन नमुनामा परेका सम्पादकीयहरूको वाह्य पक्षअन्तर्गत शीर्षक, संरचना, विषयवस्तु र शैलीको अध्ययन गरिएको छ ।

ग. उक्त पत्रिकाको सम्पादकीय आन्तरिक पक्षअन्तर्गत शब्दभण्डार स्रोतका आधारमा (तत्सम, तद्भव र आगन्तुक), वाक्य, काल र नेपाली खानको समेत सिमित अध्ययन गरिएको छ ।

घ. यस अध्ययनमा 'प्रबोध' साप्ताहिक पत्रिकाको वि.सं. २०७८ साउन १ देखि असोज १५ सम्म जम्मा १० सम्पादकीयको मात्र अध्ययन गरिएको छ ।

**अध्ययनको रूपरेखा**

प्रस्तुत शोध अध्ययनको रूपरेखा निम्नानुसार रहेको छ ।

अध्याय एक : शोधको परिचय

अध्याय दुई : पूर्वकार्यको समीक्षा तथा सैद्धान्तिक अवधारणा

अध्याय तीन : अध्ययन विधि र प्रक्रिया

अध्याय चार : व्याख्या तथा विश्लेषण

अध्याय पाँच : सारांश, निष्कर्ष र उपयोगिता

सदर्न्भसूची

परिशिष्ट

## अध्याय दुई : पूर्वकार्यको समीक्षा तथा सैद्धान्तिक अवधारणा

### पूर्वकार्यको समीक्षा

अनुसन्धान गर्ने क्रममा आफूभन्दा अगाडि सम्पन्न भएका अध्ययन अनुसन्धानहरूको व्यवस्थित र क्रमबद्ध रूपले समीक्षा गर्ने कार्य (लामिछाने र अन्य, २०६९, पृ.: १३९) नै पूर्वकार्यको समीक्षा हो । आफूले गर्ने अनुसन्धानभन्दा अगाडि के कस्ता अनुसन्धानहरू भइसकेका छन् र अब आफूले गर्ने अनुसन्धान के कति नयाँ र महत्वपूर्ण हुन्छ भन्ने कुराको जानकारीका लागि पूर्वकार्यको समीक्षा गर्न जरुरी हुन्छ । पूर्वकार्यको अध्ययनपछि मात्र आफ्नो कार्यबारे स्पष्ट भएका अध्ययनहरू कसरी गरिए ? के कस्ता विधि अपनाएर गरिए ? अध्ययनका क्रममा के कस्ता विधि समस्याहरू देखा परे ? सम्भावित त्रुटिहरूबाट कसरी बच्ने ? समस्याको जड कसरी पहिल्याउने ? जस्ता अध्ययन तथा विश्लेषण पूर्वकार्यको समीक्षाले सहयोग गर्दछ ।

समाचारपत्रमा प्रयुक्त नेपाली भाषामा अत्यन्त थोरै अध्ययन अनुसन्धान भएका छन् । समाचारपत्रमा भाषाको प्रयोग सम्बन्धी अध्ययनहरू नेपाली भाषा शिक्षा विभाग तथा अंग्रेजी भाषा शिक्षा विभागबाट भएको पाइन्छ । यी अध्ययनहरू पनि समाचारपत्रमा प्रयुक्त विज्ञापन, कार्टुन, खेल समाचार, निमन्त्रणा पत्र र सम्पादकीयजस्ता स्तम्भमा प्रयोग भएको भाषासँग सम्बन्धित छन् । विशेष गरेर केन्द्रीयस्तरबाट प्रकाशित पत्रपत्रिकामा केन्द्रित भएर अनुसन्धान भएको देखिन्छ । स्थानीयस्तरका पत्रपत्रिकामा कमैमात्र अनुसन्धान भएको पाइन्छ । विगतमा गरिएका अध्ययन अनुसन्धानले वर्तमान र आउने दिनमा अनुसन्धान गर्न सहयोग पुऱ्याउनुहुने भएकाले समाचारपत्रमा भाषाको प्रयोग सम्बन्धी गरिएको केही अध्ययनलाई यस अध्ययनको आधार बनाइएको छ जसलाई यसप्रकार लिन सकिन्छ ।

### पुस्तक समीक्षा

खनाल, श्रीराम, शशी मर्रासिती र निर्मल शर्मा (२०७८) द्वारा लिखित **आमसञ्चार माध्यम र सञ्चारको परिचय** शीर्षकको पुस्तक लेखिएको छ । १४९ पृष्ठसङ्ख्या र ९ एकाइमा संरचित उक्त पुस्तकको एकाइ एकमा सञ्चार, दुईमा सञ्चार ढाँचा, तीनमा आमसञ्चार, एकाइ चारमा आमसञ्चारमाध्यम, एकाइ पाँचमा सञ्चारमाध्यम, संस्कृति र समाज, एकाइ छमा विकासमा मिडियाको भूमिका, एकाइ सातमा मिडिया साक्षरता, एकाइ आठमा

प्रायोगिक सञ्चार, एकाइ नौमा न्यू मिडिया र सोसल मिडिया रहेका छन् । यसको एकाइ एकमा सञ्चारको परिचय र परिभाषाको, एकाइ तीनमा आमसञ्चारको परिचय, ऐतिहासिक विकास एकाइ चारमा समाचारपत्रको भूमिकाको बारेमा चर्चा गरिएको छ ।

खनाल, श्रीराम (२०७६) द्वारा लिखित **पत्रकारिताको सिद्धान्त र व्यवहार** शीर्षकको पुस्तक लेखिएको छ । २०५ पृष्ठसङ्ख्या र ६ एकाइम ासंरचित उक्त पुस्तकको एकाइ एकमा पत्रकारिताका सिद्धान्तहरूको परिचय, एकाइ दुईमा समाचार सङ्कलन, एकाइ तीनमा समाचार लेखन, एकाइ चारमा सम्पादकीय र विचार, एकाइ पाँचमा समाचार सम्पादन, एकाइ छमा ग्राफिक, लेआउट र डिजाइन रहेका छन् । यसको एकाइ एकमा पत्रकारिताको परिचय र परिभाषा, पत्रकारिताको उद्‌भव र विकास, नेपालमा पत्रकारिताको इतिहास, एकाइ चारमा सम्पादकीयको काम, सम्पादकीयको संरचना, सम्पादकीय लागि आवश्यक तत्वहरू, एकाइ पाँचमा सम्पादकका कार्यहरू विषयवस्तुको चर्चा गरिएको छ ।

लामिछाने, कपिल, र अन्य (२०६१) द्वारा लिखित **पत्रकारिताको रूपरेखा** शीर्षकको पुस्तक लेखिएको छ । २४८ पृष्ठसङ्ख्या र नौ एकइमा संरचित उक्त पुस्तिकाको एकाइ एकमा पत्रकारिताको परिचय, एकाइ दुईमा पत्रकारिताको इतिहास, एकाइ तीनमा समाचार, एकाइ चारमा लेखन र समीक्षा, एकाइ पाँचमा सम्पादन, एकाइ छमा चिन्ह परिचय, एकाइ सातमा वर्णविन्यास र वाक्य गठनका नियमहरू, एकाइ आठमा नेपाल प्रेस - कानुनको अवस्था र एकाइ नौमा विज्ञापन रहेका छन् । एकाइ एकमा पत्रकारिताको परिचय, एकाइ दुईमा पत्रकारिताको इतिहास र एकाइ चारमा सम्पादकीय लेखन विषयवस्तुको चर्चा गरिएको छ ।

बन्धु, चुडामणि (२०७५) द्वारा **अनुसन्धान तथा प्रतिवेदन लेखन** शीर्षकको पुस्तक लेखिएको छ । ११६ पृष्ठसङ्ख्या र अध्याय १२ एकाइमा संरचित उक्त पुस्तकको एकाइ एकमा अनुसन्धान, अनुसन्धाता र निर्देशक, एकाइ अनुसन्धान प्रस्ताव, एकाइ तीनमा पूर्वकार्यको समीक्षा, एकाइ चारमा पुस्तकालय कार्य, एकाइ पाँचमा तथ्य सङ्कलन, एकाइ छमा अध्ययन र विश्लेषण, एकाइ सातमा प्रतिवेदन लेखन, एकाइ आठमा लेखकपृष्ठ पद्धतिमा सन्दर्भ र टिप्पणी, अध्याय नौमा लेखकमिति पद्धतिमा सन्दर्भसङ्केत र कृतिसूची, एकाइ १०

मा अनुसन्धान प्रतिवेदनको सम्पादन, एकाइ एघारमा प्रतिवेदनका अङ्गहरूको संयोजन र प्रस्तुतिकरण र एकाइ बारेमा अनुसन्धान प्रतिवेदनको रुजु र मूल्याङ्कन रहेका छन् ।

पराजुली (२०६६) द्वारा **धरानबाट प्रकाशित दैनिक पत्रिकाहरूमा पाइएका वर्णविन्याससम्बन्धी त्रुटिहरूको अध्ययन** शीर्षकको पुस्तका लेखिएको छ । उक्त शोध त्रि.वि. शिक्षाशास्त्र सङ्काय अन्तर्गत, नेपाली भाषा शिक्षा विभाग, जनता बहुमुखी क्याम्पस, इटहरी, सुनसरीबाट नेपाली भाषा शिक्षा विषयमा स्नातकोत्तर उपाधिका लागि नेपा.शि. ५९८ पाठ्यांशको प्रयोजनार्थ तयार पारिएको हो । ५९ पृष्ठसङ्ख्या र ४ अध्यायमा संरचित उक्त शोधपत्रका एकाइ एकमा शोधपरिचय, अध्याय २ मा सैद्धान्तिक पृष्ठभूमि अध्याय ३ मा स्थानीय दैनिक नेपाली समाचारपत्रहरूको त्रुटि विश्लेषण अध्याय ४ मा उपसंहार रहेका छन् । उक्त शोधका समस्याकथन (क) स्थानीय दैनिक पत्रिकामा प्रयुक्त ह्रस्वदीर्घसम्बन्धी त्रुटि कस्तो छ ? (ख) स्थानीय दैनिक पत्रपत्रिकामा पदयोग र पदवियोगको स्थिति कस्तो छ ? (ग) श/ष/स, ब/व, य/ए, ङ/ञ/ण/न/म को वर्ण छनोटमा कस्ता समस्या रहेका छन् ? (घ) चन्द्रबिन्दु/शिरबिन्दु, हलन्त/अजन्तको समस्या कस्तो छ ? रहेका छन् । शोध (क) नेपाली भाषाका स्थानीय दैनिक पत्रिकामा प्रयुक्त नेपाली भाषाको ह्रस्वदीर्घसम्बन्धी भएका त्रुटिहरू पत्ता लगाउनु (ख) पदयोग र पदवियोगको स्थिति केलाउनु (ग) वर्ण छनोटको समस्या पत्ता लगाई विश्लेषण गर्नु उद्देश्यमा केन्द्रित रहेको छ । गुणात्मक प्रकृतिको यस शोधमा त्रुटिविश्लेषण अध्ययन विधिको प्रयोग गरिएको छ । यसका जनसङ्ख्या धरानबाट प्रकाशित दैनिक पत्रिकाहरू र नमुना सुनसरीका धरानबाट प्रकाशित हुने ब्लाष्ट टाइम्स दैनिक, औजार दैनिक, मर्निङ टाइम्स दैनिक र फास्ट टाइम्स दैनिकका समाचार तथा विश्लेषण खण्ड हुन् । नमुना छनोट निर्णयात्मक विधिबाट गरिएको छ । यस अध्ययनमा प्राथमिक र द्वितीयक स्रोतबाट सामाग्री सङ्कलन गरिएको छ । तथ्याङ्कको प्रस्तुति तालिकीकरणमा गरिएको छ । यस शोधको निष्कर्ष ह्रस्वसम्बन्धी त्रुटि सबै दैनिकले र दीर्घसम्बन्धी त्रुटि ब्लाष्ट र मर्नि॰ टाइम्सले बढी मात्रामा गरेको, चारैवटा दैनिक नेपाली समाचारपत्रले हलन्तसम्बन्धी त्रुटि गएको पाइएन भने ब्लाष्ट र मर्निङटाइम्सले अजन्तसम्बन्धी एउटाएउटा मात्र त्रुटि गरेका, 'श', 'ष' र 'स' मध्ये क्रमशः 'श', 'स' सम्बन्धी त्रुटि बढी पाइएको भने 'ष' सम्बन्धी त्रुटि नपाइएको, 'ब' र 'व' को प्रयोगमा केही त्रुटि पाइएको, 'व' को प्रयोगमा पनि नेपाली दैनिकहरूले थुप्रै त्रुटि गरेको , 'य' र 'ए' एक

भएपनि अध्ययनका क्रममा स्रोतका रूपमा लिइएका नेपाली दैनिक पत्रिकाहरूले त्रुटि गरेको नपाइएको, पञ्च वर्ण ('ङ', 'ञ', 'ण', 'न' र 'म') को प्रयोगसम्बन्धी त्रुटि प्रशस्त पाइएको, शिरविन्दु र चन्द्रविन्दुको प्रयोग सम्बन्धी त्रुटिमा बढी त्रुटि चन्द्रविन्दुको प्रयोग नगर्नेमा पाइएको, 'पदयोग' र 'पदवियोग' मा प्रशस्त त्रुटिहरू पाइएको, वर्णहरूको प्रयोगमा पनि पृथकता प्रशस्त पाइएको रहेको छ । यस शोधमा दैनिक पत्रिकाहरूमा पाइएका वर्णविन्याससम्बन्धी त्रुटिहरूको अध्ययन गरिएको छ भने मैले गर्न लागेको यस शोधमा साप्ताहिक पत्रिकाको सम्पादकीयमा प्रयुक्त भाषाले आन्तरिक र वाह्य पक्षको अध्ययन गरिने भएकाले पत्रिकामा शोध गर्नै कारणले यी शोधमा सम्बन्ध र पत्रिकाको वर्णविन्यासगत त्रुटि र साप्ताहिक पत्रिकाको आन्तरिक र वाह्य पक्षको अध्ययन भिन्नता हुनेछ ।

पोखेल (२०७१) द्वारा **पूर्वाञ्चल राष्ट्रिय दैनिक पत्रिकाको सम्पादकीयमा प्रयुक्त भाषाको अध्ययन** शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोध त्रि.वि. शिक्षाशास्त्र सङ्कायअन्तर्गत, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुरबाट नेपाली भाषा शिक्षा विषयमा स्नातकोत्तर उपाधिका लागि नेपा.शि. ५९८ पाठ्यांशको प्रयोजनार्थ तयार गरिएको हो । ५४ पृष्ठसङ्ख्या र पाँच अध्यायमा विभाजित उक्त शोधपत्रका एकाइ एकमा शोधपरिचय, एकाइ २ मा पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा, अध्याय ३ मा विधि र अध्ययन प्रक्रिया, अध्ययन ४ मा व्याख्या र विश्लेषण र अध्याय ५ मा सारांश, निष्कर्ष र उपयोगिता रहेका छन् । उक्त शोधको समस्याकथन (क) सम्पादकीयको भौतिक पक्ष (शीर्षक, विषयवस्तु, संरचना, शैली) के कस्तो रहेको छ ? (ख) सम्पादकीयको आन्तरिक पक्ष (शब्दभण्डार, वाक्य, काल, उखान र स्थानीय भाषिका) के कस्तो रहेको छ ? रहेका छन् । शोध (क) सम्पादकीयको भौतिक पक्ष (शीर्षक, विषयवस्तु, संरचना, शैली) अध्ययन गर्नु (ख) सम्पादकीयको आन्तरिक पक्ष (शब्दभण्डार, काल, वाक्य, उखान र स्थानीय भाषिका) को अध्ययन गर्नु उद्देश्यमा केन्द्रित रहेको छ । परिणात्मक प्रकृतिको यस शोधमा पुस्तकालीय, वर्णनात्मक र विश्लेषण अध्ययन विधिको प्रयोग गरिएको छ । यसका जनसङ्ख्या पूर्वाञ्चल राष्ट्रिय दैनिक पत्रिका र नमुना पूर्वाञ्चल राष्ट्रिय दैनिक पत्रिकाको २०७० भाद्र २ गतेदेखि २०७१ साउन २ गतेसम्मका हरेक महिनाको २ गतेसम्मको प्रकाशित पत्रिका हुन् । नमुना छनोट असम्भाव्य तरिकाबाट गरिएको छ । यस अध्ययनमा प्राथमिक र द्वितीयक स्रोतबाट सामाग्री सङ्कन गरिएको छ । तथ्याङ्कको प्रस्तुति तालिकीकरणबाट गरिएको छ । यस

शोधको निष्कर्ष सम्पादकीयको शीर्षकको आधारमा ३ शब्दे वाक्य ५०५ र ५ शब्दे वाक्य ( ८.३३५) संरचनाको आधारमा ४ र ५ अनुच्छेदमा ४१.६६५, ३ र ६ अनुच्छेदमा ८.३३५ विषयवस्तुको आधारमा जनचेतना र आर्थिक विषयमा २५५, सांस्कृतिक र कृषिमा ८.३३५, अनुरोध र भिन्नता ८.३३५, काल प्रयोगको आधारमा भूतकाल १७.२९ ५ र अभूत ८२.७०५, स्रोतका आधारमा तत्सम् ६१.६५५, तद्भव २९.६६५, आगन्तुक ८.६८५, उखानको दृष्टिकोणले ४ वटा उखान, स्थानीय भाषिकाको प्रयोग नभएको, वाक्यको आधारमा जटिल वाक्य ६९.१६५, सरल वाक्य ३०.८४५ रहेको पाइन्छ । यस शोधमा राष्ट्रिय दैनिक पत्रिकाको सम्पादकीयमा प्रयुक्त भाषाको भौतिक र वाह्य पक्षको अध्ययन गरिएको छ भनै मैले गर्न लागेको यस शोधमा साप्ताहिक पत्रिकाको सम्पादकीयमा प्रयुक्त भाषाको आन्तरिक र वाह्य अध्ययन गरिने भएकोले पत्रिकाको सम्पादकीयमा प्रयुक्त भाषाको अध्ययनको आधारमा यी दुई शोधमा सम्बन्ध र साप्ताहिक र दैनिक पत्रिकामा शोध हुनाले भिन्नता रहनेछ ।

खत्री (२०७१) द्वारा **सुनसरीबाट प्रकाशित दैनिक पत्रिकाको सम्पादकीयको भाषिक अध्ययन** शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोध जनता बहुमुखी क्याम्पस, इटहरी, सुनसरीबाट नेपाली विषयमा स्नातकोत्तर उपाधिका लागि नेपा.शि. ५९८ पाठ्यांशको प्रयोजनार्थ तयार पारिएको हो । ५८ पृष्ठसङ्ख्या र ६ अध्यायमा विभाजित उक्त शोधपत्रका एकाइ एकमा शोधपरिचय, एकाइ दुईमा सैद्धान्तिक अवधारणा, एकाइ तीनमा सुनसरीबाट प्रकाशित दैनिक पत्रिकाको सम्पादकीयको भाषिक अध्ययनको आधारहरू, एकाइ चारमा सुनसरीबाट प्रकाशित दैनिक पत्रिकाको सम्पादकीयको भौतिक पक्षको अध्ययन, एकाइ पाँचमा सुनसरीबाट प्रकाशित दैनिक पत्रिकाकोसम्पादकीयमा प्रयुक्त भाषाको अध्ययन र एकाइ छमा निष्कर्ष, सुझाव र उपयोगिता रहेका छन् । उक्त शोधका समस्याकथन (क) सुनसरीबाट प्रकाशित दैनिक पत्रिकाको सम्पादकीयहरूको कस्तो विषयवस्तु  ढाँचा, शैली र शीर्षकमा संरचित भएका छन् ? (ख) सम्पादकीयको भाषामा वाक्यहरूको प्रयोगस्थिति कस्तो रहेको छ ? (ग) सम्पादकीयमा प्रयुक्त भाषा के-कस्तो पाइन्छ ? उखानको अवस्था के-कस्तो रहेको छ ? शोध (क) सुनसरीबाट प्रकाशित दैनिक पत्रिकाको सम्पादकीयहरूको विषयवस्तु, ढाँच, शैली र शीर्षकको अध्ययन गर्नु (ख) सम्पादकीयको भाषामा वाक्यहरूको प्रयोगस्थितिको अध्ययन गर्नु (ग) सम्पादकीयमा प्रयुक्त भाषाको विश्लेषण गर्नु (घ) सुनसरीबाट प्रकाशित पत्रिकाको सम्पादकीयमा शब्दभण्डार र नेपाली उखानको अवस्थाको अध्ययन गर्नु उद्देश्यमा

केन्द्रित रहेको छ । परिणात्मक प्रकृतिको यस शोधमा पुस्तकालय विधिको प्रयोग गरिएको छ । यसमा जनसङ्ख्या सुनसरीबाट प्रकाशित दैनिक पत्रिका र नमुना फास्ट टाइम्स र औजार दैनिकका १०/१० वटा सम्पादकीय हुन् । नमुना छनोट निर्णयात्मक विधिबाट गरिएको छ । यस अध्ययनमा प्राथमिक र द्वितीयक स्रोतबाट सामाग्री सङ्कलन गरिएको छ । तथ्याङ्कको प्रस्तुति तालिकीकरण र आरेखबाट गरिएको छ । यस शोधको निष्कर्ष सम्पादकीयको शीर्षकका आधारमा २ देखि ६ शब्दसम्मका शीर्षकका संरचित, संरचनाको आधारमा एकदेखि ७ अनुच्छेदसम्म संरचित, सम्पादकीयको विषयवस्तुको आधारमा विभिन्न ३ वटा विषयवस्तुमा केन्द्रित, वाक्यको ३ सय २९ वाक्य मध्ये सरल वाक्य २ सय १ र जटिल वाक्य १ सय २८ वटा रहेका, कालका आधारमा अभूतकालीन वाक्यहरूको बढी प्रयोग, तद्भव शब्दको प्रयोग अधिक, उखानको प्रयोग न्यून रहेको छ । यस शोधमा दैनिक पत्रिकाको बाह्य र आन्तरिक पक्षको अध्ययन गरिएको छ भने मैले गर्न लागेको यस शोधमा साप्ताहिक पत्रिकाको बाह्य र आन्तरिक पक्षको अध्ययन गरिने भएकाले पत्रिकाको सम्पादकीयमा प्रयुक्त भाषाको अध्ययनको आधारमा यी दुई शोधमा सम्बन्ध र साप्ताहिक र दैनिक पत्रिकामा शोध हुनाले भिन्नता हुनेछ ।

निरौला (२०७४) द्वारा लिखित **वर्तमान नेपाली भाषा पाठ्यपुस्तकको निबन्ध विधाको शब्दभण्डारको अध्ययन** शीर्षकको पुस्तक लेखिएको छ । क्त शोध त्रि.वि. शिक्षाशास्त्र सङ्कायअन्तर्गत, नेपाली भाषा शिक्षा विभाग, जनता बहुमुखी क्याम्पस, इटहरी, सुनसरीबाट नेपाली भाषा शिक्षा विषयमा स्नातकोत्तर उपाधिका लागि नेपा.शि. ५९८ पाठ्यांशको प्रयोजनार्थ तयार पारिएको हो । ७५ पृष्ठसङ्ख्या र ५ अध्यायमा विभाजित उक्त शोधपत्रका अध्याय एकमा परिचय, अध्याय दुईमा पूर्वकार्यको समीक्षा तथा धारणा मुक्त संरचना, अध्याय तीनमा अध्ययनको प्रक्रिया र विधि, अध्याय चारमा नतिजा/परिणाम र छलफल, अध्याय पाँचमा निष्कर्ष, सुझाव तथा उपयोगिता रहेका छन् । उक्त शोधका समस्याकथन (क) स्रोत, बनोट, रूपायन र कार्यका आधारमा नेपाली शब्दहरू कसरी वर्गीकरण भएका छन् ? (ख) निबन्ध विधामा प्रयुक्त के कस्ता तत्सम, तद्भव र आगन्तुक शब्दहरू रहेका छन् ? रहेका छन् । शोध (क) स्रोत, बनोट, रूपायन र कार्यका आधारमा नेपाली शब्दहरूको वर्गीकरण गर्न (ख) निबन्ध विधामा प्रयुक्त भएका तत्सम, तद्भव र आगन्तुक शब्दहरूको अध्ययन गर्न उद्देश्यमा केन्द्रित रहेको छ । गुणात्मक प्रकृतिको यस

शोधमा पुस्तकालीय विधि र वर्णनात्मक विधिको प्रयोग गरिएको छ । यसका जनसङ्ख्या कक्षा दशको नेपाली भाषा पाठ्यपुस्तकको निबन्ध विधाको शब्दभण्डारको अध्ययन र नमुना तीन वटा निबन्ध विधामा प्रयुक्त पाँच सय पच्चिस शब्दलाई लिइएको छ भने तत्सम, तद्भव र आगन्तुक शब्दहरूलाई मात्र प्रयोग गरिएको छ । नमुना छनोट उद्देश्यमूलक नमुना छनोट विधिबाट गरिएको छ । यस अध्ययनमा प्राथमिक र द्वितीयक स्रोतबाट सामाग्री सङ्कलन गरिएको छ । तथ्याङ्कको प्रस्तुति तालिकीकरण र आरेखबाट गरिएको छ । यो शोधको निष्कर्ष नेपाली साहित्यका गद्य र पद्य भेदहरू मध्ये निबन्ध गद्य विधाअन्तर्गत परेको, नेपाली निबन्धको परिचय र परिभाषालाई स्पष्ट पारिएको, नेपाली शब्दको स्रोत, बनोट, रूपायन र कार्यका आधारमा शब्दहरूको वर्गीकरण गरिएको, वर्तमान नेपाली भाषा पाठ्यपुस्तक कक्षा दशको थाङ्का, हाम्रो संस्कृति, जय भुँडी निबन्ध विधामा रहेका तत्सम, तद्भव र आगन्तुक शब्दहरूको नमुना छनोटको आधारमा शब्द, शब्दवर्ग, शब्दको व्युत्पादन र शब्दको अर्थ खोज्ने प्रयास गरिएको, स्तरण, छनोट र नमुना छनोटको आधारमा तत्सम, तद्भव र आगन्तुक शब्दहरूको सङ्ख्या तालिकीकरण र स्तम्भ चित्रबाट देखाइएको, थाङ्का, हाम्रो संस्कृति, जय भुँडी निबन्ध विधामा तत्सम नाम शब्द अझ कम रहेको देखिनुले समग्रमा नामपदको शब्दहरू नै बढी रहेको शब्दभण्डारको अध्ययन गरिएको छ भने मैले गर्न लागेको यस शोधमा साप्ताहकि पत्रिकाको सम्पादकीयमा प्रयुक्त भाषाको आन्तरिक र बाह्य पक्षको अध्ययन गरिने भएकोले भाषिक अध्ययनका आधारले यी दुई शोधमा सम्बन्ध र सम्पादकीयमा प्रयुक्त भाषाको अध्ययन र वाक्यपुस्तकको निबन्ध विधाको शब्दभण्डारको अध्ययनमा भिन्नता रहनेछ ।

मगर (२०७७) द्वारा **'आर्थिक अभियान' राष्ट्रिय पत्रिकाको सम्पादकीयमा प्रयुक्त भाषाको अध्ययन** शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोध त्रि.वि. शिक्षाशास्त्र सङ्कायअन्तर्गत , नेपाली भाषा शिक्षा विभाग, सानोठिमी क्याम्पस, भक्तपुरबाट नेपाली भाषा शिक्षा विषयमा स्नातकोत्तर उपाधिका लागि नेपा.शि. ५९८ पाठ्यांशको प्रयोजनार्थ तयार पारिएको हो । ४१ पृष्ठसङ्ख्या र ५ अध्यायमा विभाजित उक्त शोधपत्रका एकाइ १ मा शोधपरिचय, एकाइ २ मा पूर्वकार्यको समीक्षा तथा सैद्धान्तिक अवधारणा एकाइ ३ मा अध्ययन विधि र प्रक्रिया, एकाइ ४ मा व्याख्या र विश्लेषण, एकाइ ५ मा निष्कर्ष, सुझाव र उपयोगिता रहेका छन् । उक्त शोधका समस्याकथन (क) 'आर्थिक अभियान' पत्रिकाको सम्पादकीयको वाह्य पक्ष (

शीर्षक, संरचना, विषयवस्तु र शैली) के-कस्ता रहेका छन् ? (ख) सम्पादकीयको आन्तरिक पक्ष (शब्दभण्डार, वाक्य, काल) के-कस्ता रहेका छन् ? रहेका छन् । शोध (क) सम्पादकीयको बाह्य पक्ष (शीर्षक, संरचना, विषयवस्तु र शैली) पहिचान गर्नु (ख) सम्पादकीयको आन्तरिक पक्ष (शब्दभण्डार, वाक्य, काल) पहिचान गर्नु उद्देश्यमा केन्द्रित रहेको छ । परिणात्मक प्रकृतिको यस शोधमा पुस्तकालय र सर्वेक्षण विधिको प्रयोग गरिएको छ । यसका जनसङ्ख्या आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिका र नमुना आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकाको २०६५ जेष्ठ २० देखि आषाढ ५ गतेसम्मका पत्रिकामा प्रकाशित सम्पादकीय हुन् । नमुना छनोट असम्भाव्य विधिबाट गरिएको छ । यस अध्ययनका प्रथम र द्वितीयक स्रोतबाट सामाग्री सङ्कलन गरिएको छ । तथ्याङ्कको प्रस्तुति तालिकीकरणबाट गरिएको छ । यस शोधको निष्कर्ष सम्पादकीय शीर्षक सङ्ख्याको आधारमा ३, ४ र ५ शब्दका शीर्षक प्रयोग भएका, सम्पादकीय विषयवस्तु मार्गदर्शन र राजनीति १/१ पटक, सतर्क गराउने २ पटक, दृष्टिकोण र सुझाव दिने ३/३ पटक, विश्लेषण गर्ने ५ पटक, सम्पादकीय संरचना वर्गीकरण ३ देखि ६ अनुसच्छेदसम्म भएको, शैलीको आधारमा परामर्श, प्रशंसा, आलोचना गर्ने भएको, भूतकालिन वाक्य ७.५१ प्रतिशत र अभूतकालिन वाक्य ९२.४९ रहेको, तद्भव शब्द १४.३६ प्रतिशत र तत्सम शब्द ७४.३० प्रतिशत, आगन्तुक शब्द ३८५ रहेको वाक्यका आधारमा सरल वाक्य ४२.५० र जटिल शब्द ५७.५० प्रतिशत प्रयोग भएको पाइन्छ । यस शोधमा राष्ट्रिय दैनिक पत्रिकाको सम्पादकीय भाषाको आन्तरिक र वाह्य पक्षको अध्ययन गरिएको छ भने मैले गर्न लागेको यस शोधमा साप्ताहिक पत्रिकाको सम्पादकीय भाषाको आन्तरिक र वाह्य पक्षको अध्ययन गरिने भएकाले पत्रिकाको सम्पादकीयमा प्रयुक्त भाषाको अध्ययनको आधारमा यी दुई शोधमा सम्बन्ध र साप्ताहिक र दैनिक पत्रिकामा शोध हुनाले भिन्नता हुनेछ ।

## पूर्वकार्यको उपयोगिता/कार्यान्वयन

प्रस्तुत शोधको समस्याकथन र उद्देश्य निर्धारणमा मगर (२०७७) को उपयोग गरिनेछ । मगर (२०७७) को शोधबाट शोध गर्नका लागि आवश्यक अध्ययन विधि र प्रक्रियाको उपयोग गरिनेछ । शोधका लागि आवश्यक सन्दर्भसूची छनोट गर्न मगर (२०७७) र पोखेल (२०७१) को उपयोग गरिने छ । जनसङ्ख्या तथा नमूना चयन गर्नका निम्ति मगर

(२०७७) को उपयोग गरनेछ । तथ्याङ्क प्रस्तुतिकरणका निम्ति खत्री (२०७१) को उपयोग गरिनेछ । तालिकीकरणका निम्ति पोखेल (२०७१) को उपयोग गरिनेछ ।

यसरी पूर्वकार्यको उपयोगिताका निम्ति मगर (२०७७), पोखेल (२०७१) र खत्री (२०७१) को शोध उपयोग गरिनेछ ।

## सैद्धान्तिक अवधारणा

### सञ्चार

सञ्चार भन्नाले एक-अर्काबीच सूचना, विचार, धारणा, जानकारी बाँड्ने, साटासाट गर्ने वा विनियम गर्ने प्रक्रिया बुझिन्छ अर्थात् सञ्चार भन्नाले एक व्यक्तिबाट अर्को व्यक्तिसम्म सङ्केत, बोली, लिपि वा अन्य कुनै प्रकारको विचार, धारणा एवम् जानकारी पुऱ्याउने कामलाई बुझिन्छ । सञ्चार मानव-मानव, मानव-मेसिन र मेसिन-मेसिनीच हुनसक्छ । वास्तवमा सञ्चार बृहत् अवधारणा हो जहाँ एउटा बाटोको रूपमा मानव सञ्चार रहेको हुन्छ । दुई वा दुईभन्दा बढी व्यक्तिहरूबीच विचार, सूचना वा सन्देशको आदानप्रदान गर्ने प्रक्रिया नै सञ्चार हो ।

सञ्चार अङ्ग्रेजी शब्द 'कम्युनिकेसन' को नेपाली रूपान्तरण हो । यो ल्याटिन भाषाको कम्युनिस बाट बनेको हो । जसको अर्थ हुन्छ - समान, साझा वा बाँड्नु । यसरी सञ्चार एक प्रक्रिया हो, जसमा एक अर्काबीच सूचना, विचार, धारणा, जानकारी साटासाट वा विनियम हुन्छ । सञ्चार प्रक्रियामा दुई पक्ष सहभागी हुन्छन् । एउटा सूचना दिने पक्ष र अर्को सूचना पाउने पक्ष । यी दुवै पक्षबीच जति नै मात्रामा अन्तरक्रिया हुन्छ, त्यति नै सञ्चार सहज, अर्थपूर्ण र प्रभावकारी हुन्छ । बोलेर, लेखेर, इसारा गरेर घटना, वस्तुस्थिति एक व्यक्तिबाट अर्को व्यक्तिमा पुऱ्याउने प्रक्रिया नै सञ्चार हो (पोखरेल, २०७८, पृ.: ०२) । सञ्चारको उद्देश्य पनि सन्देशित गर्नु र आपसी समझदारी कायम गर्नु हो । त्यसैले सञ्चार सूचनाका माध्यमद्वारा गरिने सामाजिक अन्तरक्रिया हो ।

सञ्चार लिखित, मौखिक, श्रव्यदृश्य वा साङ्केतिक आदि हुन्छ । सञ्चार प्रक्रियामा प्रेषक र प्रापक गरी दुई पक्ष सहभागी हुन्छन् । एउटा सूचना दिने र अर्को सूचना पाउने यी दुई पक्षबीच जति मात्रामा अन्तरक्रिया हुन सक्छ तब सञ्चार प्रक्रिया सफल भएको मानिन्छ । सञ्चार प्रक्रियामा श्रव्य सञ्चार, स्पर्श सञ्चार, नस्य सञ्चार, रसात्मक सञ्चार र दृश्य सञ्चार गरी मानिसका ५ वटा ज्ञानेन्द्रिय सहभागी हुन्छन् ।

यसरी समग्रमा सञ्चार भन्नाले एक व्यक्तिबाट अर्को व्यक्ति वा समूहसम्म सङ्केत, लिपि, बोली, दृश्य, चिह्न, इसारा वा अन्य कुनै माध्यमबाट सन्देश, सूचना, विचार, धारणा एवं जानकारी पुऱ्याउने प्रक्रिया हो । सन्देशका माध्यमबाट प्रापकलाई सन्तुष्ट पार्नु नै प्रभावकारी सञ्चार हो । यो दोहोरो र निरन्तर चलिरहने प्रक्रिया हो । जस्तै : पत्रपत्रिका, चलचित्र, कम्प्युटर, रेडियो, टेलिभिजन, पोष्टर, पम्प्लेट, अनलाइन, म्यागाजिन, फेसबुक, ट्युटर, इमेल, वेभसाइट, आदि । यी साधनका सहायताले एक अर्काका भाव र विचार बुझ्न सकिन्छ । यसरी शाब्दिक, दृश्यात्मक र लिखित सङ्केतहरूको प्रयोगबाट विचारको आदानप्रदान गर्ने काम नै सञ्चार हो ।

**आमसञ्चार**

कुनै माध्यमबाट व्यापक रूपमा सन्देशको प्रचारप्रसार गर्ने प्रक्रियालाई आमसञ्चार भनिन्छ । आमसञ्चार शब्द आम र सञ्चार दुई शब्दको संयोजनबाट निर्माण भएको हो । जसअनुसार आमको अर्थ व्यापक र सञ्चारको अर्थ सन्देश पठाउने काम भन्ने बुझिन्छ । यस अर्थमा हामी व्यापक रूपमा सन्देश पठाउने कामलाई आमसञ्चार भनी बुझ्न सक्छौं । अङ्ग्रेजी भाषामा पनि :बकक र ऋयक्ष्गलष्अबतष्यल को अर्थ सञ्चार भन्ने लाग्दछ । यदि सञ्चारको माध्यमबाट कुनै पनि सूचना, जानकारी वा विचार आमजनतामाझ पुऱ्याइन्छ भने त्यो आमसञ्चार हुन्छ । आमसञ्चारलाई जनसञ्चार पनि भनिन्छ । पत्रपत्रिका, किताब, रेडियो, टेलिभिजन, चलचित्र, कम्प्युटर, स्याटलाइट, आदिलाई आमसञ्चारका माध्यम भनिन्छ । आमसञ्चारद्वारा विशाल जनसमुदायले कुनै पनि सूचना वा जानकारी एकैपटक आउने अवसर प्राप्त गर्दछ (खनाल, २०६८ : २४) । आमसञ्चारमा विभिन्न सञ्चारसंस्थाहरू कार्यरत हुन्छन् । आमसञ्चारको पहुँच व्यापक हुने भएकाले समाजप्रति यसको ठूलो जिम्मेवारी हुन्छ । त्यसकरण आमसञ्चारले समाजलाई सुसूचित बनाउनेतर्फ सक्रिय भूमिका खेल्नुपर्दछ ।

**विश्वमा आमसञ्चारको प्रारम्भ :**

बोलीको विकाससँगै मानव सभ्यताको इतिहास सुरु भएको मानिन्छ । सत्य युगमा देवता र दानवबीच सन्देश पुऱ्याउने कामका लागि नारदमुनिले सञ्चारकर्मीको काम गरेको प्रसंगलाई पनि बिर्सन मिल्दैन । भाषाशास्त्रीहरूका अनुसार दश हजार वर्षअघिमात्र मानिसले

मानक भाषाको प्रयोग गर्न थालेको हो । अक्षरहरूको ज्ञान हुनुअघि मानिसहरूले बोलीको माध्यमबाट सञ्चार गर्थे । अर्थात् आफ्ना मनका भाव, विचार, बोलीबाटै प्रस्तुत गर्थे । इसापूर्व ४०० वर्षअघि ग्रीक साम्राज्यको एथेनस सहरमा ढोल बजाउँदै नगर परिक्रमा गर्दै टोलछिमेकमा सन्देश दिने काम अटेलिकसले गर्दथे । यसैगरी प्राचीनकालमै चीनमा सरकारी विभिन्न प्रदेशका प्रतिनिधिहरूलाई र जनमानसमा पुऱ्याउने कार्य हुन्थ्यो ।


सुरुमा जनावरका छाला वा पेपारसमा चित्र अङ्कित गर्ने, माटोको ठप्पामा लेख्ने, काठबाट आकृति कुद्ने आदि गरेर सञ्चारको काम गरिन्थ्यो । एक्टा दिर्उनालाई आमसञ्चारको पुर्खा मानिन्छ । जुन इ.पू. ५९ मा रोम साम्राज्यमा जुलियस सिजर्सले आफ्ना राज्यका सांसद र विभिन्न प्रदेशका क्षेत्रपालहरूलाई पुऱ्याउन यस्तो लिखित प्रकाशन गरेका थिए । चीनमा तत्कालिन चाउवंशी राजाहरूले आफ्ना दरबारका सूचना सांसदहरूलाई पुऱ्याउन 'टीपाओ' नामक हस्तलिखित सूचनापत्र जाहेर थिए । इ.पू. ६१८ तिर टीपाओको नाम 'पेकिङ' गर्जर राखियो जसलाई विश्वको पहिलो अखबार मानिन्छ । आठौं शताब्दीमा जापानीहरूले काठको ब्लकमा मसी छर्की कागतमा उतार्ने पद्धतिको विकास गरेको पाइन्छ ।

पन्ध्रौं शताब्दीमा मध्यमा जर्मनको मेन्ज सहरमा एक सामान्य नागरिकको रूपमा रहेका गुटेनवर्गले छापाखानाको आविष्कार गरेपछि विश्वमा, आमसञ्चारको पहिलो साधन देखापरेको हो । त्यसैले गुटेनवर्गलाई मुद्रणका पिता पनि भनिन्छ । गुटेनवर्गको छापाखाना ( :यखबदभि तथउभ) बाटै पुस्तक मुद्रण गर्ने परम्पराको थालनी भएको हो । गुटेनवर्गले आविष्कार गरेको छापाखानामा विलियम स्याक्टनले सुधार गरेका थिए । छापाखानाका कारण संसारभर ज्ञानको प्रचार-प्रसार भयो (खनाल २०६८, पृ.: ५२-५३) ।

## आमसञ्चारको माध्यम

अङ्ग्रेजी भाषामा कम्युनिकेशन भनेर चिनिने आमसञ्चार माध्यम भन्नाले आमजनतालाई सूचना, जानकारीहरू पुऱ्याउन प्रयोग हुने साधन बुझिन्छ । विभिन्न स्थानमा छरिएर रहेका अथाह जनसमुदायलाई द्रुत गतिमा सन्देश सम्प्रेषण गर्न आमसञ्चार माध्यमहरूले सहयोग गरिरहेका हुन्छन् । प्रसिद्ध सञ्चारविद् डेनिस मक्वाइलका अनुसार आमसञ्चार माध्यम भन्ने शब्दले छोटो समयावधिमा लामो दुरीसम्म तथा धेरै प्रापकहरूसँगै सञ्चार गर्न सकिने सङ्गठित साधनहरू जनाउँछ ।

आमसञ्चारको माध्यमलाई दुई किसिमले विभाजन गर्न सकिन्छ, जसलाई निम्नानुसार तालिकामा पनि देखाउन सकिन्छ :




स्रोत : (खनाल, २०६८, पृ.: ३८)

**छापा माध्यम**

छापाखानाबाट मुद्रण भई प्रकाशन हुने पत्रपत्रिका, किताब, पोस्टर, पम्प्लेट, जर्नल आदिलाई छापा माध्यम भनिन्छ । छापा माध्यम आमसञ्चारको सबैभन्दा पुरानो माध्यम हो । यो माध्यम साक्षर व्यक्तिका लागि मात्र उपयोगी हुन्छ । विषयवस्तुबारे पूर्ण जानकारी पाइने वा विस्तृत रूपमा समाचार, विचार, विश्लेषण पढ्न पाउने, आफूले मन लागेको सामाग्री इच्छा अनुकूल पढ्न पाउनु छापा माध्यमका प्रमुख गुणहरू हुन् ।

**विद्युतीय माध्यम**

विद्युतीय भन्नाले विद्युतीय तरङ्गबाट सञ्चार गरिने प्रणाली बुझिन्छ । तार वा केबल प्रयोग गरी गरिने सञ्चार पनि यसैभित्र पर्दछन् । रेडियो, टेलिभिजन, चलचित्रलाई विद्युतीय माध्यम भनिन्छ । यो माध्यम साक्षर तथा निरक्षर दुवैका लागि उपयोगी हुन्छ । छिटो गरी सन्देश पुऱ्याउन, एकैचोटिवृहत जनसमूहलाई गर्न विद्युतीय माध्यमको उपयोग हुन्छ । विद्युतीय माध्यममा भौगोलिक सीमालाई नाघ्ने शक्ति हुन्छ ।

**नेपालमा आमसञ्चार**

नेपालमा आमसञ्चारको माध्यमको इतिहास हेर्ने हो भने धेरै पुरनो छैन । भारतको कोलकत्ताबाट नेपाली भाषामा सर्वप्रथम ७०६ पृष्ठको बाइबल सन् १९२१ मा सेरामपुर मिसनको प्रकाशन गरेको पाइन्छ । यसप्रकार नेपाली भाषाको प्रकाशन भारतको कोलकताबाट सुरु भई भारतको बनारसमा पुगेको पाइन्छ । कोलकताबाट प्रकाशन सुरु भएको नेपाली भाषाबनारस हुँदै नेपालमा फैलियो (अधिकारी, २०६६ : ३२५) । नेपालमा पूर्वकालमा राजाको उर्दी सुनाउने, कटुवाल कराउने, दमाहा ठोक्ने, शंख फुक्ने, झ्याली पिट्ने, तोप पड्काउने, कर्नाल बजाउने, बिगुल फुक्ने, गाइने, गन्धर्व लगायतबाट सञ्चारको कार्य गरिन्थ्यो । पशिचम मुलुकहरूमा विद्युतीय र छापा माध्यमको विकास र विस्तार देखिँदै गएपछि नेपालमा पनि त्यसको प्रभाव पर्न थाल्यो । भारतमा नेपाली भाषाका किताबहरू छापिएको तीन दशकपछि नेपालमा छापाखाना भित्रिएको देखिन्छ । वि.सं. १९०८ मा तत्कालीन राणाप्रधानमन्त्री जंगबहादुरले बेलायत भ्रमणबाट फर्कदा साथमा एउटा फलामे छापाकाल नेपाल ल्याएका थिए । उक्त छापाकालको माथिल्लो भाग वा थाप्लोमा गिद्धको जस्तो पखेटा फिजिएकोले त्यो छापाखानालाई गिद्धे प्रेस पनि भनिएको पाइन्छ । नेपालको पहिलो छापाखाना गिद्धे प्रेस हो भने मनोरञ्जन छापाखाना दोस्रो हो । यसै प्रेसबाट वि.सं. १९१९ मा 'मोक्षसिद्धि' नामक पुस्तक छापिएको देखिन्छ । यसै प्रेसबाट तीन वर्ष लगाएर १०३८ पृष्ठको नेपालमा पहिलो नेपाली मुलुकी ऐन छापिएको हो । क्रमशः पछि मोतिराम भट्टले निरन्तरता दिएको पाइन्छ । वि.सं. १९५८ मा गोरखापत्रको प्रकाशनसँगै नेपालमा आधुनिक पत्रकारिता सुरुवात भएको देखिन्छ । अर्को पत्रिका वि.सं. १९९१ मा प्रकाशित भएको देखिन्छ । त्यसपछि राणाकालको अन्त्यतिर २००६ सालमा पहिलोपटक हिन्दी चलचित्र रामविवाह सिनेमा घरमा प्रदर्शन भएको पाइन्छ । जुद्ध शमशेरले सन् १९४३ मा पहिलो पटक चलचित्र घर बनाउन लगाएको देखिन्छ । वि.सं. २०४६ सालमा भएको जनआन्दोलन पछि नेपालमा आमसञ्चारको प्रशस्त विकास भएको पाइन्छ । यसरी नेपालमा आमसञ्चारका माध्यमको विकास गर्नको लागि विभिन्न प्रेस काउन्सिलको गठन, आमसञ्चारको संरक्षण, सम्वर्द्धनको लागि विभिन्न सङ्घ सङ्गठनहरू खोलेर निरन्तर रूपमा लागि परिरहेका हुन्छन् ।

## समाचारपत्र

समाचारपत्र आमसञ्चारको छापामाध्यम अन्तर्गत पर्दछ । आजको विद्युतीय माध्यमको युगमा पनि आमसञ्चारको सशक्त माध्यमका रूपमा समाचारपत्रको स्थापना भएको पाइन्छ । सामान्यतया समाचार-पत्र भन्नाले नबाँधिएको वा स्टिच नगरिएको निश्चित मितिमा प्रकाशित हुने, ब्रोडसिट ट्याब्लवाइड सायजको मुद्रित सामाग्री भन्ने बुझिन्छ (खनाल, २०६४, पृ.: ३६) । यसको आफ्नै पहिचान, विशेषता र महत्वले गर्दा विद्युतीय सञ्चारको यो युगमा पनि समाचारपत्र बाँचिरहेको छ । स्थानीय, राष्ट्रिय र अन्तराष्ट्रियस्तरमा भए-गरेका घटनाहरूका बारेमा विस्तृत जानकारी थाहा पाउन पाठकहरू समाचारपत्रकै सहारा लिन्छन् ।

नागरिक जीवनसँग अन्योन्याश्रित सम्बन्ध गाँस्ने समाचारपत्रले समाजलाई नजिकबाट नियालिरहेका हुन्छ। समाजलाई अवलोकन गर्ने क्रममा समाजमा भएका गतिवधि, भ्रष्टाचार, अन्याय, आदि प्रकाशनमा ल्याउने काम पनि समाचारपत्रबाटै हुन्छ । यसको नागरिकसँग निकट सम्बन्ध हुन्छ किनकि उनीहरूले समाचारपत्रमा विश्वास गाँसेका हुन्छन् । समाचारपत्रले खास गरी सूचनामूलक सन्देश प्रवाह गर्नुका साथै विचारमूलक लेखहरू, विज्ञापन, राशिफल, खेल, मनोरञ्जन, अर्थ आदिजस्ता विभिन्न क्षेत्रका सूचनाहरू दिइरहेका हुन्छ ।

## समाचारपत्रको सङ्गठन

समाचारपत्रको सङ्गठनलाई यसप्रकार प्रस्तुत गर्न सकिन्छ ।

**समाचारपत्रको सङ्गठन**

| सम्पादकीय पक्ष | व्यापारिक पक्ष | प्राविधिक पक्ष |
|---|---|---|
| - समाचार | - विज्ञापन (स्थानीय, राष्ट्रिय, वर्गीकृत) | - कम्पोजिङ |
| - फिचर | - सञ्चालन | - इनोगेभिङ |
| - टिप्पणी | | - स्टेरोटाइपिङ |
| - स्तम्भ | | - प्रेस |
| - सम्पादकीय | | |
| - कार्टुन | | |

(स्रोत : काफ्ले, २०६८, पृ.: २५)

समाचारपत्रको सङ्गठन समाचारपत्रको आकारप्रकार र स्वरूपमा भर पर्दछ । त्यसैगरी समाचारपत्रलाई तीन आकारमा वर्गीकरण गर्न सकिन्छ । पहिलो ब्रोडसेट, दोस्रो ट्याबलोइड र तेस्रो मिडिया वा बर्लिना । ब्रोडसिटअन्तर्गत गोरखापत्र, कान्तिपुर, पूर्वाञ्चलजस्ता समाचार पर्दछन् भने ट्याबलोइडअन्तर्गत जनदिशा, कान्पिुर, साप्ताहिक, जस्ता समाचार पर्दछन् ।

समाचारपत्रमा समाचार, कार्टुन, फिचर, फोटो, विज्ञापनहरू आदिको राम्रो संयोजन गरेर उपयुक्त, स्पष्ट आकारका अक्षर, अक्षर, अक्षरबीच खाली ठाउँ, आकर्षण अक्षरमा शीर्षक मिलाउनु पर्दछ । समाचारपत्रलाई आकर्षक र हेर्न लायक बनाउनका साथै पढ्न सजिलो हुने गरी अक्षरहरू राख्नु पर्दछ । समाचारपत्रमा समाचार, विज्ञापन, सम्पादकीय, विचार आदि राख्दा छुट्टिने हिसाबले राख्दा राम्रो हुन्छ ।

**नेपालमा पत्रकारिताको थालनी**

राज्यको चौथो अङ्गष्का रूपमा रहेको पत्रिका समाजका आँखा र कान हो । पत्रिकाका माध्यमबाट समाजमा भएका वा भइरहेका घटनाहरू, घटनासम्बन्धी विचारहरू, सूचना, समाचार, दृष्टिकोण एवं दृश्यहरू सङ्कलनका साथै लेखन, सम्पादन, प्रकाशन वा प्रसारण गर्ने कार्य नै पत्रकारिता हो ।

नेपालमा पत्रकारिताको इतिहास त्यति लामो छैन । विश्व पत्रकारिताको इतिहासमा नेपाललाई हेर्दा नेपालमा पत्रकारिताको विकास निकै पछि मात्र भएको देखिन्छ । विश्वको इतिहास हेर्दा जर्मनमा सर्वप्रथम छपाइ-पद्धतिको प्रारम्भ सन् १४५० र हाम्रो छिमेकी मुलुक भारतमा सन् १५५० मा छापाखानाको प्रवेश भएको देखिन्छ । नेपालमा भने वि.सं. १९०८ मा तत्कालीन राणा प्रधानमन्त्री जंगबहादुरले बेलायतबाट फर्कदा साथमा फलामे छापाकल नोपल ल्याएका थिए । यसैलाई नेपालको पत्रकारिताको इतिहासमा प्रथम छापाकल भनिन्छ र गिद्धेप्रेस पनि भनिन्छ । गिद्धेप्रेस आएको केही समयमा मनोरञ्जन छापाखाना भित्रिएको थियो । नेपालको पहिलो छापाखाना गिद्धे प्रेस हो भने मनोरञ्जन छापाखाना दोस्रो हो । वि.सं. १९४३ मा युवाकवि मोतीराम भट्टको सक्रियतामा नेपाली भाषामा गोरखा भारत जीवन नामको साहित्यिक मासिक पत्रिका प्रकाशन भएको ऐतिहासिक दस्तावेजहरूमा भेटिन्छ । नेपाली पत्रपत्रिकाको सुरुवात र विकासक्रम त्यसपछि भएको देखिन्छ । मोतीराम भट्टको प्रेरणाबाट वि.सं. १९५५ श्रावणमा नेपालबाट पहिलो पटक 'सुधासागर' मासिक

पत्रिका प्रकाशित गरेको उल्लेख छ । पण्डित नरदेव मोतीकृष्ण शर्माका आज्ञाअनुसार कपिलदेव शर्माको सक्रियतामा पशुपति प्रेसमा मुद्रित भई निक्लेको 'सुधासागर' नेपालीमा दोस्रो र नेपालबाट निस्केको पहिलो पत्रिका रहेको छ । नेपालमा जंगबहादुर राणाले बेलायतबाट प्रेस ल्याएको झण्डै ५० वर्षपछि मात्र पत्रिकाको प्रकाशन भएको छ । नेपालबाट प्रकाशित पहिलो पत्रिका 'सुधासागर' हो भने दोस्रो पत्रिका गोरखापत्रलाई लिइन्छ, जुन नेपाली भाषामा प्रकाशित भएको थियो । गोरखापत्र वि.सं. २०१७ देखि दैनिक अखबारका रूपमा प्रकाशन भएको हो । वि.सं. २००७ सालमा प्रजातन्त्र स्थापना भएपछि 'जागरण', 'आवाज' र 'समाज' पत्रिकाको विशेष स्थान रहेको पाइन्छ । हृदयचन्द्रसिंहको सम्पादनमा 'जागरण' साप्ताहिक पत्रिका, सिद्धिचरण श्रेष्ठको सम्पादनमा 'आवाज' र मणिराज उपाध्यायका सम्पादनमा 'समाज' पत्रिकाको प्रकाशन भएको पाइन्छ । यसरी छापाखानाको विकास ढिलो गरी भएको हाम्रो देशमा पत्रकारिताको लागि सहज वातावरण नरहेको इतिहासबाट प्रष्ट हुन्छ ।

## सम्पादकीय

### सम्पादकीयको परिचय

सम्पादकीय शब्दले कुनै पुस्तक पुस्तिकाको विषय वा उद्देश्यलाई प्रष्ट्याउने गरी सम्पादकको तर्फबाट सङ्क्षेपमा लेखिएको विशेष प्रकारको लेख भन्ने बुझिन्छ (नेपाली वृहत शब्दकोष २०४०, पृ.: १३११) । समाचारपत्रले कुनै पनि विषयवस्तु वा मुद्रामा मत वा विचार प्रकट गर्ने विश्लेषणात्मक लेख नै सम्पादकीय हो । सम्पादकीय पत्रिकामा नियमित रूपमा प्रकाशित हुने हुनाले यसलाई लिडर पनि भनिन्छ । सम्पादकीयमा प्रायः समसामयिक विषयवस्तु वा घटनाका सम्बन्धमा आफ्नो प्रकाशन संस्थाको नीति वा विचार व्यक्त गरिन्छ । आफ्नो पत्रिकाको भनाइ प्रस्तुत गर्ने ठाउँ सम्पादकीय हो । सम्पादकीय समाचार र विज्ञापन होइन । यो घटना, विषयवस्तुप्रति प्रतिक्रिया व्यक्त गर्ने ठाउँ हो । ब्रेइन निकोलसले सम्पादकीयलाई अखबारको मुटु मानेका छन् । अर्थात् समाचार चाहिँ पत्रिकाको रक्त प्रवाह हो, सम्पादकीय मुटु हो र रूपक चाहिँ आत्मा हो भन्न सकिन्छ । समाचारको रोचकताले पत्रिकाको ग्राहक सङ्ख्या बढाउँछ भने सम्पादकीयले त्यसको लोकप्रियता, स्तर र गम्भीरतालाई व्यक्त गर्दछ । यसबाट सम्पादक वा सम्पादक मण्डलको कुनै विषयप्रतिको दृष्टिकोण, झुकाव, अध्ययन, चिन्तन र लेखनको तह र गहिराई व्यक्त हुन्छ ।

सम्पादकीय लेखले समसामयिक जल्दोबल्दो कुनै विषयमा जनताको ध्यान आकृष्ट पार्ने गरी सम्बन्धित पत्रिकाको धारणा वा दृष्टिकोणलाई व्यक्त गर्दछ । यसमा निश्चित दृष्टिकोण प्रकट हुन्छ (लामिछाने भूसाल र अन्य २०६१, पृ.: ७०) । यो सामान्य पाठकले सजिलै बुझ्न सकिने भाषाको साथ छोटो, सरल र समसामयिक हुनुपर्छ ।

## सम्पादकीय लेखनको विश्व इतिहास

पत्रकारिता सुरु सुरुमा सम्पादकीय पृष्ठ भनेर छुट्याइदैनथ्यो । प्रायः समाचारको अन्त्यमा सम्पादकीय टिप्पणी गरिन्थ्यो वा काल्पनिक नाममा सम्पादकीयलाई चिठी छापेर सम्पादकीय दायित्व पूरा गरिन्थ्यो । हुनतः सुरुमा समाचार विचार, न्युजलेटर र पम्प्लेटका रूपमा अलग्गै छापिन्थ्यो । बेलायतमा सन् राय बुझ्ने हिसाबले सम्पादकीय लेख्ने चलन सुरु भएको हो । प्रसिद्ध साहित्यकार डेनियल डिफोले दि रिभ्यू पत्रिकामा सम्पादकीय लेख्ने परम्पराको थालनी गरेको मानिन्छ ।त्यस्तै सर्वप्रथम माष्ट हेडमाथि सम्पादकीय छापे । सम्पादकीय सुरुमा सम्पादक स्वयम्ले लेख्थे भने अहिले सम्पादकको निर्देशन सम्पादकीय लेख्ने लेखहरूको समूह नै पनि हुन्छ (चालिसे २०५७ : ६१-६२) । बेलायतका स्वीफ्ट, डिफो बोलिङ्ग, ब्रक पुलेटिन आदि सम्पादकहरूले सन् १५०४ देखि १७०४ का बीचमा सर्वसाधारण जनताको विचार बुझ्ने अभिप्रायले सम्पादकीय लेख्ने चलन चलाएपछि सम्पादकीय लेख्न सुरु भएको मानिन्छ (देवकोटा २०५९, पृ.: १-२९) ।

## सम्पादकीयको अर्थ

अङ्ग्रेजीमा शब्द इडिटोरलको नेपाली समानार्थी शब्द नै सम्पादकीय हो । सम्+पाद्+अक+इय मिलेर बनेको सम्पादकीय शब्दको अर्थलाई नेपाली वृहत शब्दकोष (२०४०) ले नामका आधारमा र विशेषणका आधारमा फरक फरक देखाएका छन् । नामका आधारमा सम्पादकका तर्फबाट समसामयिक विषयमा आफ्नो दृष्टिकोण प्रस्तुत गरी लेखिएको विशेष लेख, सम्पादक्यौलीलाई सम्पादकीय भनेको छ । त्यस्तै गरी विशेषणका आधारमा सम्पादक सम्बन्धी सम्पादकलाई सम्पादकीय मानेको देखिन्छ ।

यसरी सम्पादकीय समाचारपत्रको महत्व र ओज नाप्ने कसी मानिन्छ । त्यसैले सम्पादकीय लेख्दा, संवेदनशील हुनुपर्दछ । यसमा लक्ष्य वा विचारको तर्कसङ्गत, रुचीपूर्ण र संक्षिप्त प्रस्तुत हुन्छ । सम्पादकीयमा सामान्य पाठकले पनि विश्लेषित विषयका महत्व

बुझ्न सक्षम हुने अपेक्षा गरिएको हुन्छ । सम्पादकीय सामान्य पाठकले पनि सजिलै बुझ्न सकिने भाषाका साथै छोटो, सरल र समसामयिक हुने जरुरी देखिन्छ ।

## सम्पादकीयको संरचना

सम्पादकीय, आकार-प्रकारको दृष्टिले टिप्पणीसँग मिल्दोजुल्दो माध्यम आकारको फुटकर रचना हो । यसका शब्द, वाक्य वा अनुच्छेदको स्पष्ट सीमा किटान गर्न सकिन्न तापनि प्रवीण दीक्षितका अनुसार यसले सम्पादकीय पृष्ठका एक वा दुई लहर ढाक्ने गर्छ अथवा कम्तीमा पनि तीन अनुच्छेदसम्मको हुन्छ ।

शीर्षक बाहेक सम्पादकीयमा तीन खण्ड हुन्छन् । सुरुमा विषयवस्तुबारे छोटो परिचय र पृष्ठभूमि हुन्छ । सुरुवात सरल र स्पष्ट भाषामा हुनुपर्छ । मध्य भागमा तथ्य विवरण पेश गरिन्छ । व्याख्या, तार्किक, विश्लेषण र मूल्याङ्कन सहितको मत प्रकट गर्ने काम सम्पादकीयका दोस्रो भागमा गरिएको हुन्छ । तेस्रो भाग वा अन्त्य सम्पादकीयको उपसंहार हो । यस भागमा निष्कर्ष वा सुझाव प्रस्तुत गर्नुपर्दछ (खनाल २०३८, पृ.: २४३) । नेपाली पत्रकार स्व. रामराज पौड्यालले सम्पादकीयमा २५०-३०० शब्द रहनुपर्ने धारणा राखेका छन् (पत्रकारिता, पृ.: २५२) । सम्पादकीय प्राय : ३/४ अनुच्छेदमा लेखिन्छ त्यसैले पत्रिकाको आकार ठूलो हुँदैमा सम्पादकीय पनि धेरै हुन्छ भन्ने हुँदैन । सम्पादकीय सम्पादक, वरिष्ठ सम्पादक वा सहसम्पादक आदिले लेख्ने गरेको पाइन्छ ।

## सम्पादकीयको भाषा

सम्पादकीय सरल र स्पष्ट भाषामा लेखिन्छ तर समाचारको भाषामा होइन यसको भाषाको अपेक्षाकृत साहित्यिक हुन्छ यद्यपि साहित्यका विम्बवली र विशिष्ट कलात्मक चमत्कार यसका विषय होइनन् । संक्षेप शैलीमा विचारात्मक र तार्किक ढङ्गले आकर्षक रूपमा सम्पादकीय लेख प्रस्ततुत गर्ने कोशिश गरिन्छ । व्यक्तिपरक 'म' शैली छाडेर निर्वैयक्तिक वा समूहपरक 'हामी' को प्रयोग यसमा गर्न सकिन्छ । गुरु वा उपदेशको जस्तो आदेशात्मक पारामा सम्पादकीय लेख्नु हुँदैन । बढी उदाहरणहरू वा सम्पादकको प्रयोग उपयुक्त मानिन्न भने प्रत्यक्ष कथन पनि सकेसम्म प्रयोग नगर्नु नै बेश हुन्छ । अलि गम्भीर ढङ्गले र विचारको चाप भएको एक किसिमको टिप्पणी जस्तै हुन्छ । सम्पादकीइ लेख जसमा ठोस तथ्याङ्कमा भन्दा तथ्यको सामान्यीकरण बढी जोड दिइएको हुन्छ । ड्यानियल

डिफोले भनेका छन् : सम्पादकीयको भाषा यस्ता होस् जो पागल वा मूर्ख बाहेक सबैले बुझ्न सकून् । सम्पादकीयमा प्रयोग हुने शब्द-शब्द, वाक्य-वाक्य र अनुच्छेद-अनुच्छेदबीच सम्बद्धक-सम्बद्धन शृङ्खला मिल्न जरुरी हुन्छ ।

**सम्पादकीयको काम**

सम्पादकीयको काम विभिन्न हुने गर्दछन् । सम्पादकीय कामलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

क. पाठकलाई अभिप्रेरित गर्ने ।

ख. भ्रष्टाचार, सामाजिक विसङ्गति एवम् अनियमितता हटाउन सहयोग गर्ने ।

ग. शिक्षित गराउने ।

घ. पाठकलाई सचेत गराउने ।

ङ. सुझाव सल्लाह दिने ।

च. नीति तथा कार्यबोध गराउने ।

छ. विविध मतलाई प्रतिनिधित्व गराउने ।

ज. मनोरञ्जन प्रदान गर्ने ।

झ. अखबारको परिचय र स्तर मापन गर्ने ।

ञ. जनमत निर्माण गर्ने ।

**सम्पादकीय वर्गीकरण**

विभिन्न विद्वान तथा पत्रकारहरूले विभिन्न समयमा सम्पादकीय भिन्न भिन्न किसिम र प्रकारमा वर्गीकरण गरेको पाइन्छ । भारतीय लेखक प्रवीन दीक्षितले सम्पादकीयलाई ६ वटा वगर्नमा प्रस्तुत गरेका छन् ।

- उत्साहबर्धक सम्पादकीय
- कर्तव्यबोधक सम्पादकीय
- आन्दोलनात्मक सम्पादकीय
- सुझावात्मक सम्पादकीय
- समसामयिक सम्पादकीय
- पक्ष समर्थन सम्पादकीय

(शर्मा २०६६, पृ.: ३१)

त्यस्तै वेन कोनार्टले सम्पादकीयलाई तीन वर्गमा विभाजन गरेका छन् :

- व्याख्यात्मक सम्पादकीय
- आलोचनात्मक सम्पादकीय
- मनोरञ्जनात्मक सम्पादकीय

(शर्मा २०६६, पृ.: ३१)

त्यस्तै विजय चालिसेले सम्पादकीयलाई तीन वर्गमा विभाजन गरेका छन् :

- विचार प्रत्यावर्तक
- तत्कालिक
- वैचारिक, प्राथमिकता

(न्यौपाने, २०६६, पृ.: २५)

**सम्पादकीयको विशेषता**

सम्पादकीय लेख्दा कथ्य र विचारको वस्तुनिष्ठ सन्तुलनतर्फ एकदमै ध्यान दिनुपर्छ। सम्पादकीयमा भाषा सरल, स्पष्ट, तथ्यपूर्ण, सङ्क्षिप्त, निष्कर्ष र विश्लेषणात्मक हुनु आवश्यक हुन्छ।

सम्पादकीयको भाषा सरल, छोटा-छोटा वाक्यको प्रयोग हुनुपर्दछ। सम्पादकीयको भाषा सरलताबाट जटिलतातर्फ उन्मुख हुनुपर्छ। सम्पादकीयले सम्पूर्ण समुदायको प्रतिनिधित्व गर्न सक्ने, समसामयिक तथा जनचासोसँग सम्बन्धित विषयवस्तु, मौलिकता हुनुपर्दछ। सम्पादकीयमा समावेश विषयवस्तुमा विश्वसनीयता र वैधता कायम गराउने खालको विषयहरू समावेश गरिनुपर्दछ। सम्पादकीयमा म, तिमी, मलाई, तँ आदि सर्वनाम हटाई बहुवचन सर्वनामको प्रयोग गरिएको हुनुपर्दछ। सम्पादकीयमा अनावश्यक शब्द प्रयोग नगरिएको उचित हुन्छ। सम्पादकीय लेख्दा संवादको प्रयोग पनि गरिनु हुँदैन ( न्यौपाने, २०६६, पृ.: २७)।

**सम्पादकीय लेख्दा ध्यान दिनुपर्ने कुराहरू**

सम्पादकीय पत्रिकाको महत्वपूर्ण स्तम्भ भएकाले यसको लेखनमा विशेष ध्यान दिनुपर्दछ। जुन विषयमा सम्पादकीय लेखिन्छ। त्यसबारे पर्याप्त र तथ्य जानकारी लिएर मात्र लेख्नुपर्छ।

- सम्पादकीय लेख्ने विषय छनौट गर्ने । विषय छान्दा समसामयिक जल्दोबल्दो र जनसरोकारको हुनुपर्दछ ।
- वियवस्तु वा घटनाबारे तथ्य र पर्याप्त जानकारी लिएर मात्र लेखनका लागि जुट्नुपर्दछ ।
- विषय छनोट गर्दा त्यसको महत्व र त्यसले पार्ने प्रभावलाई ध्यान दिनुपर्दछ ।
- आलोचना गर्नु छ भने शिष्ट भाषामा सौम्य आलोचना गर्नुपर्दछ ।
- बिनाप्रमाण वा तथ्यबेगर हचुवाको भरमा त्यस्ता विषयवस्तुबारे सम्पादकीय लेख्नुहुँदैन ।
- राजनीति, व्यापार र उद्योगको विषयमा सम्पादकीय लेख्नुपरेमा विषयवस्तुसँग सम्बन्धित विज्ञसँग छलफल गरेर मात्र लेख्नुपर्दछ ।
- पत्रकारिताको पेशागत प्रतिष्ठालाई ध्यानमा रोखर सम्पादकीय लेख्नुपर्दछ ।

**सम्पादकीयमा राख्न नमिल्ने कुराहरू**

सम्पादकीयको भाषा सामान्य समाचारको भाषा जस्तो हुँदैन । त्यसैले समाचारमा राखिने कुराहरू सम्पादकीयमा राख्न नमिल्ने पनि हुन सक्छ । त्यसैले सम्पादकीयमा राख्न नमिल्ने कुराहरू निम्न छन् :

- एक वचन सर्वनाम (म) को प्रयोग
- उपशीर्षकहरू
- झुटो, अन्दाजी, अनावश्यक व्याख्या
- व्यक्तिको चरित्र र प्रतिष्ठामा आँच पाउने प्रसङ्ग
- जटिल तथा प्राविधिक शब्दावलीहरू
- अस्पष्ट र दुविधात्मक सन्दर्भ
- व्याकरणात्मक बन्धक तथा अस्पष्ट लेखन
- सम्पादकीयमा प्रश्नबाट अन्त्य
- वास्तविकतालाई बेवास्ता गरिएको तथ्य
- गैरकानूनी विषयको वकालत

## सम्पादकीयको शीर्षक

कुनै पनि लेख रचना वा ग्रन्थ आदिको नाम नै शीर्षक हो । सम्पादकीइको शीर्षकले समाचार वा विचार के विषयको हो, भन्ने कुरा बताउनु पर्दछ र यसले पाठकलाई विषयवस्तुप्रति अभिरुचि पैदा गर्न सक्नु पर्दछ र यसले पाठकलाई विषयवस्तुप्रति अभिरुचि पैदा गर्न सक्नु पर्दछ । शीर्षकको उद्देश्य अखबारलाई आकर्षित बनाउनु, समाचारको महत्व दर्शाउनु र पाठकलाई पत्रिका किन्ने बनाउनु नै हो (खनाल, २०६४, पृ.: १८८) । शीर्षक अखबारमा समाचारलाई छुट्याएको ठाउँमा अट्ने सक्ने, विषयवस्तुको प्रतिनिधित्व गर्न सक्ने, घुमाउरो वा दोहोरो अर्थ नलाग्ने प्रत्यक्ष र सजीव छोटो हुनुपर्दछ । सम्पादकीयको शीर्षक लेख्दा कर्तृवाच्य, सरल र प्रत्यक्ष क्रियाको प्रयोग गरिनु राम्रो हुन्छ । शीर्षकमा एउटा पनि अर्थहीन र अनावश्यक शब्द नपरोस् भन्ने कुरामा एकदमै सचेत रहनुपर्दछ । अतः समाचार वा सम्पादकीयको शीर्षक राख्दा एकदमै विचार पुऱ्याउनु गर्दछ । शीर्षकमा अर्थहीन, लामा र अनावश्यक शब्दहरू प्रयोग गर्नुहुँदैन । शीर्षकमा अल्पविराम चिन्ह, प्रश्न चिन्ह र आश्चर्यबोधक चिन्ह प्रयोग गरिँदैन । शीर्षकमा उनी, तिनी वा तिनीहरू जस्ता सामान्य सर्वनामको प्रयोग गर्नु ठिक हुँदैन । विशेषज्ञहरूका अनुसार बढीभन्दा बढी तीन सिलेवलभन्दा लामा शब्दको प्रयोग गर्नु राम्रो हुन्न र क्रियापद र नामयोगीबाट शीर्षक सुरु गर्नुपनि राम्रो मान्न सकिँदैन (चालिसे, २०६५, पृ.: ८५-८६) ।

सम्पादकीयको शीर्षक छोटो, मीठो र जनसाधारणले बुझ्ने भाषामा हुनुपर्दछ । सबैभन्दा मुख्य कुरा शीर्षकले विषयवस्तुको पूर्ण प्रतिनिधित्व गर्नुपर्दछ ।

## सम्पादकीयको संरचना

कुनै पनि वस्तु निश्चित ढाँचामा संरचित भएको हुन्छ । खास गरीवस्तुको बनोट, आकृति वा बाहिरी आवरण नै संरचना हो । कुनै पनि वस्तुको बाहिरी ढाँचा, आकारप्रकार, रूपाकृति, प्रतिकृति आदिलाई संरचना भनिन्छ (अधिकारी र भट्टराई, २०६८, पृ.: ९५२) ।

पत्रिकाको सम्पादकीयको संरचना भन्नाले सम्पादकीयमा अनुच्छेद र वाक्यलाई बुझाउँदछ । सम्पादकीयको संरचना पत्रिकाको आकार र विषयवस्तुमा भर पर्दछ ।

सुरुमा सम्पादकीयमा शीर्षकबाहेक घटना वा सम्पादकीयमा तीन खण्ड हुन्छन् । सुखमा विषयवस्तुको छोटो परिचय र पृष्ठभूमि हुन्छ । मध्य भागमा तथ्य विवरणलाई तर्कका साथ पेश गरिन्छ । व्याख्या, तार्किक, विश्लेषण र मूल्याङ्कन सहितको मतप्रकट गर्ने

कार्य दोस्रो भागमा गरिन्छ भने तेस्रो भागमा सम्पादकीयको उपसंहार वा निष्कर्षको भाग हो । यस भागमा निष्कर्ष र सुझाव प्रस्तुत गर्नुपर्दछ ।

सम्पादकीयको आकार समाचारपत्रको आकार र साइजमा भर पर्दछ । सम्पादकीय सामान्यतया तीनदेखि चार अनुच्छेदमा २ सय ५० शब्द जतिको हुन्छ (खनाल, २०६४, पृ.: २१२) । एक सम्पादकीयमा शब्द सीमा ७ सय ५० देखि १ हजार शब्दसम्मको हुनसक्छ । पाठकहरू अनावश्यक गफ पढ्न चाहँदैनन् । शब्दको सङ्ख्या विषयवस्तुको महत्वअनुसार घटबढ हुन सक्दछ । तसर्थ सम्पादकीय लेखनमा शीघ्रता हुनुपर्दछ नकि नावश्यक शब्दको स्एितार र विचारको पुनराहत्ति (कफ्ले, २०६८, पृ.: ३३) ।

यसरी सम्पादकीय लेख्दा सकभर तीनदेखि चार अनुच्छेदको संरचनामा लेख्नु उपयुक्त हुन्छ । ३ सयदेखि ४ सय शब्द सम्म फैलिएका सम्पादकीयहरूलाई उपयुक्त सम्पादकीय मान्न सकिन्छ ।

## सम्पादकीय विषयवस्तु

सामान्यतया हामीले देखेका र सुनेका सम्पूर्ण वस्तु चीजबिजलार्य नै विषयवस्तुको रूपमा लिन सकिन्छ । कुनै वर्णन, छलफल, लेख, रचना, आदिका लागि निश्चित गरिएको कुरो, विषय वा शीर्षकलार्य विषयवस्तु भनिन्छ (अधिकार र भट्टराई, २०६८, पृ.: ९२२) । सम्पादकीयको विषयवस्तु असिमित वा ज्यादै फराकिलो हुन्छ । प्रायः सबै विषयमा सम्पादकीय लेख्न सकिन्छ तर पनि पाठकलाई महत्व लाग्ने विषय वा मुद्दामा सम्पादकीय लेख्नुपर्दछ । सम्पादकीयको विषयवस्तु पाठकको इच्छा र आवश्यकता पूरा गर्ने सामाग्री मात्र हुन सक्दछ । सम्पादकीय लेख्दा सर्वप्रथम त विषय निर्धारण गर्नुपर्दछ । लेखनमा विविधता भएमा पाठकीय रुचि बढ्दछ त्यसैले एकै प्रकारका विषयवस्तु नभएको राम्रो हुन्छ ।

सम्पादकीयका विषयवस्तु समसामयिक, सान्दर्भिक र उपयोगी हुनु आवश्यक हुन्छ । यसले व्यक्ति र समाजलाई जानकारी दिने, मनोरञ्जन प्रदान गर्ने, कर्तव्यबोध गराउने, जनमत निर्माण गर्न, भ्रष्टाचार, सामाजिक विसङ्गति एवम् अनियमितता घटाउने कार्य गर्नुपर्दछ । सम्पादकीय लेखले हरेक घटना वा विषयवस्तुको जानकारी दिने, सर्तक गराउने, विशलेषण गर्ने, शिक्षित गराउने, मार्गदर्शन गर्ने, सम्झाउने, दृष्टिकोण प्रस्तुत गर्ने, प्रेरित गर्ने तथा मनोरञ्जन प्रदान गर्ने जस्ता पक्षको मूल्याङ्कन गर्नुपर्दछ (काफ्ले, २०६८ : २३) ।

**सम्पादकीय शैली**

कुनै विषयवस्तुलाई प्रस्तुत गर्ने तरिका, ढङ्ग, ढाँचा वा विधिलाई शैली भनिन्छ । सामान्य अर्थमा शैलीलाई बाह्य गतिविधिको ढङ्ग, ढाँचा वा तरिकाको रूपमा बुझ्न सकिन्छ भने भाषिक अर्थमा अभिव्यक्तिको तरिकाको तरिकाको रूपमा बुझ्न सकिन्छ ( भण्डारी र अन्य, २०६८, पृ: २५) ।

एउटा पत्रिका र अर्को पत्रिकाको सम्पादकीय लेखनको शैलीमा भिन्नता हुन सक्छ त्यसैले सम्पादकीय लेखन स्वतन्त्र विधा हो । सम्पादकीयलाई उत्कृष्ट बनाउन केही आदर्श स्थापना गर्न सकिन्छ । सम्पादकीय लेख्ने शैली सरल, सरस र मिठासयुक्त हुनुपर्छ । सङ्क्षेप शैलीमा विचारात्मक र तार्किक ढङ्गले सम्पादकीय लेख प्रस्तुत गर्न राम्रो हुन्छ । सम्पादकीय लेखनका केही तरिकाहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- प्रश्न गर्ने शैली,
- परामर्श दिने शैली,
- आलोचना गर्ने शैली,
- कुरा बुझाउने शैली,
- प्रशंसा गर्ने शैली,
- विश्वास दिलाउने शैली,
- भिन्नता देखाउने शैली,
- घृणा गर्ने शैली,
- भविष्यवाणी गर्ने शैली,
- अनुरोध गर्ने शैली,
- रचनात्मक शैली (काफ्ले, २०६८ : २४) ।

माथि उल्लेख गरिएका शैलीहरूमध्ये प्रश्नात्मक शैलीलाई उपयुक्त मानिँदैन ।

**काल**

क्रियाको समयसँग सम्बन्धित रूपयनिक कोटीलाई काल भनिन्छ । नेपालीमा यो क्रिया वा धातुबाट अभिव्यक्त हुन्छ । नेपाली भषामा कालको अभिव्यक्ति दुई किसिमले हुने गरेको पाइन्छ - भूतकाल र अभूतकाल ।

**भूतकाल**

पहिले बितिसकेको समयमा काम हुने, हुँदै गरेको, हुने बानी परेको र भइसकेको कुरा पछि मात्र थाहा भएको बुझाउने क्रियापदको समयलाई भूतकाल भनिन्छ ।

**अभूतकाल**

अहिलेको समयमा काम हुने, हुँदै गरेको, भइसकेको पनि त्यसको असर बाँकी रहेको र पछि आउने समयमा काम हुने बुझाउने क्रियापदको समयलाई अभूतकाल भनिन्छ । 'छ' परसर्ग लिने क्रियाहरू अभूतकालीन क्रिया हुन् । नेपाली भाषामा अभूतकाललाई वर्तमान काल र भविष्यत् काल गरी दुई भागमा बाँडेर चर्चा गरेको पाइन्छ (अधिकारी, २०५५, पृ.: ११५) ।

**शब्दभण्डार**

कुनै पनि भाषामा रहेको कुनै पनि शब्दहरूको समष्टि नै शब्दभण्डार हो । शब्द भाषाको लघुत्तम एकाइ हो । शब्दको निर्माण एक वा एकभन्दा बढी वर्णहरूको मेलबाट भएको हुन्छ । शब्दभण्डार कुनै पनि भाषामा भएका र त्यस भाषाका प्रयोक्ताले प्रयोग गर्ने शब्दहरूको भण्डार हो । जुनसुकै भाषाको शब्दभण्डारअन्तर्गत शब्दहरू यति विस्तृत र धेरै हुन्छन् कि ती सबैलाई कुनै भाषाका प्रयोक्ताले जीवनभर प्रयोग गर्न सक्दैनन् । शब्दभण्डारले भाषालाई समृद्ध बनाउने काम गर्छ ।

स्रोतका आधारमा नेपाली शब्दहरूलाई तत्सम्, तत्भव र आगन्तुक गरी तीन भागमा वर्गीकरण गर्न सकिन्छ ।

**तत्सम शब्द**

तत्सम् शब्दको अर्थ त्यस्तै भन्ने हुन्छन् । संस्कृत भाषाबाट रूप परिवर्तन भई जस्ताको त्यस्तै नेपाली भाषामा आएका शब्दलाई तत्सम् शब्द भनिन्छ ।

**तद्भव शब्द**

तद्भव अर्थ त्यसबाट आएको भन्ने हुन्छन् । संस्कृत भाषाबाट रूप परिवर्तन भई नेपाली भाषामा आएका शब्दलाई तद्भव शब्द भनिन्छ ।

**आगन्तुक शब्द**

आगन्तुक शब्द भनेको बाहिरबाट आएको भन्ने हुन्छन् । संस्कृतबाहेक अन्य भाषाबाट नेपाली भाषामा आएका शब्दलाई आगन्तुक शब्द भनिन्छ । यस्ता शब्दहरूमा नेपालमै बोलिने राष्ट्रिय भाषाका तथा बाहिरबाट आएका सबै भाषाका शब्दहरू पर्दछन् ।

**वाक्य**

उद्देश्य र विधेय मिलेर रचना भएको भाषिक एकाइलाई वाक्य मानिन्छ । वाक्य स्वतन्त्र भाषिक एकाइ भएकाले यसबाट अर्थ अभिव्यक्ति हुन्छ । वाक्यलाई उपवाक्यभन्दा ठूलो र अनुच्छेदभन्दा सानो एकाइका रूपमा लिइन्छ । उद्देश्य र विधेय दुवै खण्ड हुनु यसको पूर्णताको सूचक हो । यो समापक विरामले युक्त एकाइ हो । यो लेखाइ वा बोलाइमा पूर्णविरामका साथ टुङ्गिन्छ । यस प्रकारले एकाइले अनुच्छेद वा सङ्कथनको निर्माण गर्दछु । संरचना वा बनोटका आधारमा नेपाली भाषामा वाक्य दुई किसिमका हुन्छन् - सरल र जटिल (बराल र एटम, २०६६, पृ.: १७१) ।

**सरल वाक्य**

एउटा मात्र उद्देश्य र एउटा विधेय भएको वाक्यलाई सरल वाक्य भनिन्छ । यसमा एउटा मात्र समापिका क्रिया रहन्छ । यसमा एउटा मत्र स्वतन्त्र उपवाक्य हुन्छ । सरल वाक्यलाई मूल वाक्य वा आधारभूत वाक्य पनि भनिन्छ ।

**जटिल वाक्य**

दुइ वा दुईभन्दा बढी उपवाक्यहरू मिलेर बनेको वाक्यलाइ वाक्य भनिन्छ । यस्ता उपवादहरूलाई सापेक्ष वा निरपेक्ष संयोजकले जोडेको हुन्छ ।

**नेपाली उखान**

परम्परादेखि चलिआएका वाक्यका स्तरमा प्रयोग हुने सुत्रात्मक कथनलाई उखान भनिन्छ । उखानको सम्बन्ध कुनै घटना कथा वा मानवीय अनुभवसँग जोडिने हुनाले यसको अर्थ साङ्केतिक रूपमा प्रकट हुन्छ । भाषिक अभिव्यक्तिलाई सटिक, प्रभावपूर्ण वा तिखो बनाउनका लागि मानिसले भाषामा अनेकौं सम्भावनाहरूलाई उपयोग गरेका हुन्छन् । उखान यस्तै सारपूर्ण, सूत्रात्मक र अभिव्यञ्जनात्मक रचना हो । उखानलाई लोकोक्ति, कहावत, आहान आदि पनि भनिन्छ (बराल र एटम, २०६६, पृ.: २४५) ।

# अध्याय तीन : अध्ययनको प्रक्रिया/विधि

यस अध्यायमा अध्ययन ढाँचा, जनसंख्या र नमुना क्षेत्र, नमुना छनोटको प्रक्रिया, तथ्याङ्क सङ्कलनका प्रक्रिया, तथ्याङ्क सङ्कलनका उपकरणहरू, तथ्याङ्क सङ्कलनका प्रक्रियाबारे चर्चा गरिएको छ ।

## अध्ययनको ढाँचा

यस अध्ययनमा विशेषतः सामाग्री सङ्कलनका लागि पुस्तकालीय अध्ययन गर्नुपर्ने भएकाले पुस्तकालीय अध्ययन विधिलाई प्रमुख आधार बनाइएको छ । पुस्तकालयमा व्यवस्थित रूपमा राखिएका पत्रपत्रिकाको उपयोग गरिएको छ । प्राप्त भएका सामाग्रीलाई विभिन्न आधारमा विश्लेषण गर्नका लागि वर्णनात्मक र विश्लेषणात्मक विधि अपनाइएको छ ।

## जनसङ्ख्या र नमुना

अनुसन्धान कार्य तथ्य, प्रमाण वा सामाग्रीमा आधारित अध्ययन हो । तसर्थ यो निश्चित सामाग्रीको अध्ययनको आधारमा तयार हुन्छ । सामाग्रीलाई जनसंख्या शब्दद्वारा पनि सम्बोधन गरिएको पाइन्छ । तसर्थ प्रस्तुत शोधपत्र 'प्रबोध' साप्ताहिक पत्रिकाको सम्पादकीयमा प्रयुक्त भाषाको अध्ययन शीर्षकमा आधारित छ । यसमा वि.सं. २०७८ साउन १ देखि असोज १५ सम्मका (सङ्ख्या १०) पत्रिकामा आधारित भएर अध्ययन अनुसन्धान गरिएको छ । त्यसैगरी सम्पादकीयमा प्रयोग भएका भाषाका शीर्षक, संरचना, वाक्य, शैली, शब्दभण्डार आदि कुरामा अध्ययन गरिएको छ ।

## नमुना छनोट प्रक्रिया

अनुसन्धानका लागि लिइएको सङ्ख्याबाट छानिएको अंशलाई नमुना भनिन्छ । एउटा भागबाट महत्वपूर्ण सामाग्रीलाई ज्ञान गराउनु छनोट प्रक्रिया हो । अनुसन्धानमा आवश्यक हुने नमुना छनोट गर्दा निश्चित प्रक्रियाको अवलम्बन गर्नुपर्छ ।

असम्भाव्य नमुना छनोट विधिको प्रयोग गरी नमुना छनोट गरिएको छ ।

## तथ्याङ्क सङ्कलनका साधन

### प्राथमिक स्रोत

प्राथमिक स्रोतका सामाग्रीको रूपमा 'प्रबोध' साप्ताहिक प्रक्रियाका १० वटा अङ्कमा सम्पादकीय सङ्कलन गरिएको छ ।

### द्वितीयक स्रोत

द्वितीयक स्रोतका रूपमा शब्दकोश, पत्रपत्रिका, शोधार्थीहरूले समाचारमा गरिएको विभिन्न शोधकार्यहरू, सन्दर्भ पुस्तकहरू, यस पत्रिकाका सम्पादकसँगको कुराकानी, शोधनिर्देशन तथा विशेषज्ञको सुझाव, सल्लाह र निर्देशन आदिलाई लिइएको छ ।

## तथ्याङ्क सङ्कलनका प्रक्रिया


तथ्याङ्क सङ्कलन गर्दा विभिन्न विधि तथा प्रक्रिया प्रयोग गर्नुपर्ने हुन्छ । नमुना छनोट प्रक्रियापछि पुस्तकालीय विधिको उपयोग गरी तथ्याङ्क सङ्कलन प्रक्रिया गरिएको छ ।

## तथ्याङ्क विश्लेषण र व्याख्या प्रक्रिया

माथि उल्लेखित गरिएका प्रक्रियाहरूलाई अध्ययन गर्दै तथ्याङ्कको सङ्कलन गरिसकेपछि 'प्रबोध' साप्ताहिक पत्रिकाको सम्पादकीयमा प्रयुक्त भाषाको अध्ययन विश्लेषण गरिएको छ । जसअन्तर्गत वाह्य पक्षमा शीर्षक, संरचना, शैली, विषयवस्तु र आन्तरिक पक्षमा शब्दभण्डार, वाक्य, काल र नेपाली उखानको अध्ययन गरिएको छ । अन्त्यमा निष्कर्ष निकाली यसलाई तालिकामा प्रस्तुत गरिएको छ र सोही आधारमा उपयोगिता समेत प्रस्तुत गरिएको छ ।

## अध्याय चार : व्याख्या र विश्लेषण

यस अध्ययनमा 'प्रबोध' साप्ताहिक पत्रिकाको सम्पादकीयमा प्रयुक्त नेपाली भाषाको अध्ययनलाई सम्पादकीय विशेषताका आधारमा विश्लेषण गरिएको छ । मूलतः सम्पादकीयको बाह्य तथा आन्तरिक पक्षमा केन्द्रित रही अध्ययनलाई व्यवस्थित गर्ने काम भएको छ । बाह्य पक्षमा शीर्षक, संरचना, विषयवस्तु र शैली तथा आन्तरिक पक्षमा काल, शब्दभण्डार वाक्य र नेपाली उखानको अध्ययन गरिएको छ । सम्पादकीयमा प्रयुक्त भाषाको विशलेषणको तालिकालाई निम्नानुसार देखाउन सकिन्छ :




### सम्पादकीयका बाह्य पक्षको अध्ययन

भौतिक अध्ययनलाई प्राविधिक अध्ययन पनि भनिन्छ । जसमा सम्पादकीयको आकार प्रकार, शीर्षक, शैली, संरचना, विषयवस्तु र रङ्गरोगनका कुराहरू लिन सकिन्छ । जसमध्ये यहाँ शीर्षक, संरचना, विषयवस्तु र शैली विश्लेषणको आधार बनाइएको छ । जसको परिचयात्मक चर्चा अगाडि नै एकाइमा भइसकेको छ । सम्पादकीयको भौतिक पक्षको अध्ययन छुट्टाछुट्टै उपशीर्षकमा प्रस्तुत गरिएको छ ।

### सम्पादकीयको शीर्षक

प्रस्तुत अध्ययनमा सुनसरीबाट प्रकाशित साप्ताहिक पत्रिकाको सम्पादकीय अन्तर्गत 'प्रबोध' साप्ताहिक पत्रिकामा शीर्षकलाई निम्नलिखित आधारमा प्रस्तुत गरिएको छ :

- मिति २०७८/४/१ गतेको पत्रिकामा सम्पादकीय 'अस्वस्थ राजनीति' शीर्षक रहेको छ । जम्मा २ वटा शब्द रहेको यो शीर्षक समय सान्दर्भिक रहेको पाइन्छ ।

- मिति २०७८/४/८ गतेको पत्रिकामा सम्पादकीय 'जनमत सङ्ग्रहको सवाल' शीर्षक रहेको छ । जसमा ३ वटा शब्द रहेको यो शीर्षक वर्तमान अवस्थामा जनताको लागि आवश्यक रहने खालको रहेको पाइन्छ ।
- मिति २०७८/४/१५ गतेको पत्रिकामा सम्पादकीय 'सङ्कट, राज्य र सरकार' शीर्षक रहेको छ । जम्मा ४ वटा शब्द रहेको यो शीर्षक जनताको ध्यान केन्द्रित गर्ने खालको रहेको देखिन्छ ।
- मिति २०७८/४/२२ गतेको पत्रिकामा सम्पादकीय 'राज्य र नागरिकको चेतना' शीर्षक रहेको छ । जसमा ४ वटा शब्द रहेको यो शीर्षक जनताको ध्यान केन्द्रित गर्नै खालेको रहेको पाइन्छ ।
- मिति २०७८/५/४ गतेको पत्रिकामा सम्पादकीय 'आरक्षण र सर्वोच्चको फैसला' शीर्षक रहेको छ । जसमा ४ वटा शब्द रहेको यो शीर्षक जनताको ध्यान केन्द्रित गर्ने खालेको रहेको पाइन्छ ।
- मिति २०७८/५/११ गतेको पत्रिकामा सम्पादकीय 'समाजमा बढेको अराजकता र विकृति' शीर्षक रहेको छ । जसमा ५ वटा शब्द रहेको यो शीर्षक जनताको ध्यान केन्द्रित गर्ने खालेको रहेको पाइन्छ ।
- मिति २०७८/५/१८ गतेको पत्रिकामा सम्पादकीय 'नेपाली नश्लमा संसदवाद, समाजवाद र वैज्ञानिक समाजवाद' शीर्षक रहेको छ । जसमा ७ वटा शब्द रहेको यो शीर्षक समय सान्दर्भिक रहेको छ ।
- मिति २०७८/५/२५ गतेको पत्रिकामा सम्पादकीय 'समाजमा बढेको अराजकता र विकृति' शीर्षक रहेको छ । जसमा ५ वटा शब्द रहेको यो शीर्षक जनताको ध्यान केन्द्रित गर्ने खालेको रहेको पाइन्छ ।
- मिति २०७८/६/८ गतेको पत्रिकामा सम्पादकीय 'शान्ति र समृद्धिको बाधक' शीर्षक रहेको छ । जसमा ४ वटा शब्द रहेको यो शीर्षक जनताको ध्यान केन्द्रित गर्ने खालेको रहेको पाइन्छ ।
- मिति २०७८/६/१५ गतेको पत्रिकामा सम्पादकीय 'चाडपर्वको बहानामा ठगी धन्दा' शीर्षक रहेको छ । जसमा ४ वटा शब्द रहेको यो शीर्षक आकर्षक र वर्तमान अवस्थामा जनताको लागि आवश्यक पर्ने खालेको रहेको छ ।

### सम्पादकीयको संरचना

प्रस्तुत अध्ययनमा सुनसरीबाट प्रकाशित हुने 'प्रबोध' साप्ताहिक पत्रिकाको सम्पादकीयलाई संरचनाको आधारमा अध्ययन गरिएको छ । अध्ययनअनुसार नमुनाका रूपमा लिइएका 'प्रबोध' साप्ताहिक पत्रिकाको १० वटा सम्पादकीयहरूलाई लिइएको छ । जसलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. १**

**सम्पादकीयको संरचनाको आधारमा वर्गीकरण**

| संरचना | सम्पादकीय सङ्ख्या | प्रतिशत |
|---|---|---|
| १ अनुच्छेद | १० | १००% |

माथि उल्लेखित तालिकाअनुसार 'प्रबोध' साप्ताहिक पत्रिकाको सम्पादकीय एउटा मात्र अनुच्छेदमा संरचित रहेको छ । त्यसैले एक अनुच्छेदमा संरचित सम्पादकीय सङ्ख्या १० (१०० प्रतिशत) रहेको छन् ।

### सम्पादकीयको विषयवस्तु

प्रस्तुत अध्ययनमा 'प्रबोध' साप्ताहिक पत्रिकाको सम्पादकीय विषयवस्तुलाई अध्ययन गरिएको छ जसलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

**तालिका नं. २**

**सम्पादकीयको विषयवस्तुको आधारमा वर्गीकरण**

| विषयवस्तु | सम्पादकीय सङ्ख्या | प्रतिशत |
|---|---|---|
| राजनीतिक | ४ | ४०% |
| दृष्टिकोण | २ | २०% |
| जानकारी | ४ | ४०% |
| | **१०** | **१००%** |

माथि उल्लेखित तालिकाअनुसार 'प्रबोध' साप्ताहिक पत्रिकामा राजनीतिक, दृष्टिकोण र जानकारीजस्ता विषयवस्तु समेटिएका छन् । जसमध्ये राजनीतिक ४ वटा (४० प्रतिशत), दृष्टिकोण २ वटा (२० प्रतिशत) र जानकारीमूलक ४ वटा (४० प्रतिशत) रहेका छन् ।

### सम्पादकीयको शैली

प्रस्तुत 'प्रबोध' साप्ताहिक पत्रिकाको १० वटा सम्पादकीयका शैलीहरूलाई अध्ययन गरिएको छ, जसलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

**तालिका नं. ३**

**सम्पादकीयको शैलीको आधारमा वर्गीकरण**

| शैली | सम्पादकीय सङ्ख्या | प्रतिशत |
|---|---|---|
| आलोचना गर्ने | ४ | ४०% |
| सूचना दिने | ५ | ५०% |
| भविष्यवाणी गर्ने | १ | १०% |
| | **१०** | **१००%** |

माथि उल्लेखित तालिकाअनुसार 'प्रबोध' साप्ताहिक पत्रिकाको सम्पादकीयमा आलोचना गर्ने ४ वटा (४० प्रतिशत), सूचना दिने ५ वटा (५० प्रतिशत) र भविष्यवाणी गर्ने एउटा (१० प्रतिशत) गर्ने रहेका देखिछन् ।

### सम्पादकीयको आन्तरिक पक्षको अध्ययन

प्रस्तुत अध्ययनमा सम्पादकीयलाई उत्कृष्ट बनाउने काम सम्पादकीयको भाषाले गर्ने गर्दछ र समाचारपत्रको गुणस्तर बढाउन सम्पादकीयले ठूलो भूमिका खेल्ने भएकाले यसको भाषिक अध्ययन महत्वपूर्ण रहेको छ । तसर्थ यसमा सम्पादकीयको आन्तरिक पक्षअन्तर्गत काल, शब्दभण्डार, वाक्य र नेपाली उखानजस्ता भाषिक पक्षहरूको अध्ययन गरिएको छ । जसको अध्याय ३ मै परिचयात्मक चर्चा भइसकेको छ । सम्पादकीयको भाषिक पक्षको अध्ययन छुट्टाछुट्टै उपशीर्षकमा प्रस्तुत गरिएको छ ।

**काल**

प्रस्तुत अध्ययनमा सुनसरीबाट प्रकाशित 'प्रबोध' साप्ताहिक पत्रिकाका सम्पादकीयमा प्रयोग भएका वाक्यहरूमा कालको स्थितिबारे अध्ययन गरिएको छ । काललाई भूतकाल र अभूतकाल गरी २ भागमा बाँडेर अध्ययन गरिएको छ । यस अध्ययनमा 'प्रबोध' साप्ताहिक पत्रिकाका १० वटा सम्पादकीयलाई आधार मानेर अध्ययन गरिएको छ । यी १० वटा सम्पादकीयमा २ सय ७१ वटा वाक्यहरू प्रयोग भएका छन् । तीमध्ये अधिकांश वाक्यहरू अभूत कालका रहेका छन् । २ सय ७१ वटा वाक्यमध्ये २ सय ४९ वटा वाक्य अभूत कालका छन् भने २२ वटा वाक्य भूत कालका रहेका छन् ।

यहाँ नमुनाका रूपमा लिइएका 'प्रबोध' साप्ताहिक पत्रिकाको १० वटा सम्पादकीयका कालहरूलाई वर्गीकरण गरी निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं ४**

**प्रत्येक महिनाको कालको आधारमा वर्गीकरण**

| मिति | अभूत | भूत |
|---|---|---|
| मिति २०७८ साउन १ | २६ | १ |
| मिति २०७८ साउन ८ | २५ | ० |
| मिति २०७८ साउन १५ | २१ | ५ |
| मिति २०७८ साउन २२ | १६ | ४ |
| मिति २०७८ भदौ ४ | १७ | १ |
| मिति २०७८ भदौ ११ | २१ | ० |
| मिति २०७८ भदौ १८ | ३३ | ४ |
| मिति २०७८ भदौ २५ | २६ | ० |
| मिति २०७८ असोज ८ | ३६ | ० |
| मिति २०७८ असोज १५ | १८ | ७ |
| **जम्मा** | **२७१** | **२२** |

सैद्धान्तिक आधारमा सम्पादकीयमा भूतकालीन वाक्यभन्दा अभूतकालीन वाक्यको प्रयोग गर्नु राम्रो मानिन्छ । माथिको तालिकालाई विश्लेषण गर्दा २० प्रतिशतभन्दा बढी अभूतकालको प्रयोग गरेको पाइन्छ । साउन ८, भदौ ११, २५ र असोज ८ गतेको

सम्पादकीयमा भूतकालका एउटा पनि वाक्य पाउन सकिँदैन भने सबैभन्दा बढी भूतकालका वाक्यको प्रयोग असोज १५ को सम्पादकीयमा पाउन सकिन्छ । यसमा ७ वटा भूतकालको वाक्य प्रयोग भएको पाइन्छ । समग्रमा नमूनाका रूपमा लिइएका सम्पादकीयमा अभूतकालको प्रयोगको स्थिति राम्रो देखिन्छ ।

**तालिका नं. ५**

**कालको आधारमा वाक्यको वर्गीकरण**

| **काल** | **वाक्य सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| भूतकाल | २२ | ८.११% |
| अभूतकाल | २४९ | ९१.८९% |
| **जम्मा** | **२७१** | **१००%** |

माथि उल्लेखित तालिकाअनुसार 'प्रबोध' साप्ताहिक पत्रिकाको सम्पादकीयमा अभूतकालको प्रयोग ९१.८९ प्रतिशत र भूतकालको प्रयोग ८.११ प्रतिशत रहेको देखिन्छ ।

**अभूतकालका केही उदाहरणहरू :**

क. पछिल्लो चरणमा सबै राजनीतिक निर्णय पनि न्यायालयले नै गर्न थालेको छ ( २०७८ भदौ ४ गते शुक्रबार) ।

ख. अहिले देश अराजकतातिर अघि बढिरहेको छ (२०७८ भदौ ११ गते शुत्रबार) ।

ग. नेपाली समाजमा एकात्मक राज्यसत्ता निर्माण भएपछि व्यक्ति आलो पालो बदलिरहेका छन् (२०७८ भदौ १८ गते शुक्रबार) ।

घ. धरानमा रहेको वि.पि. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान भ्रष्टचारको प्रतिक बन्दै आएको भनेर विगत केही वर्ष यता श्रृङ्खलाबद्ध ढङ्गले आन्दोलन हुँदै आएकोछ ( २०७८ भदौ २५ गते शुक्रबार) ।

**भूतकालका केही उदाहरणहरू :**

क. संसदवादी दलहरूको षड्यन्त्रपूर्वक भएको पहिलो संविधान सभाको विघटन पश्चात भएका दोस्रो संविधान निर्वाचन, स्थानीय प्रदेश र संघीय निर्वाचनहरूमा ठूलो जनप्रतिरोध भएको थियो (२०७८ साउन १ गते शुक्रबार) ।

ख. अर्कोतिर महामारीको चपेटामा जनतालाई थुनेर जनताका लागि जलाउने मसानघाटको निर्माण र उद्घाटनमा नै सरकार व्यस्त थियो (२०७८ साउन १५ शुक्रबार) ।

ग. विदेशीको डलर थापेर खाने, चुनाव लड्ने, कुर्सीका लागि संसदको खरिद बिक्री गर्ने राजनीतिक दलले देशलाई उन्नतितिर लैजाने कुरा नै भएन (२०७८ साउन २२ शुक्रबार) ।

घ. उत्पीडित वर्ग, समुदाय, जाति, क्षेत्री, लिङ्गले आफ्नो लामो बलिदान पश्चात प्राप्त गरेको आरक्षणको हकलाई राजनीयतिक दलकै नेतृत्व र नेता अनि त्यहीं तहका बलिदानको कुनै हक नराख्ने बलिदान विरोधीहरू आरक्षण कार्यान्वयनको तहमा पुगेर दुरूप्रयोग गरेको र प्रतिक्रियावादीहरूको सत्तामा पहुँचको कारण पनि न्यायालयको त्यो फैसल गर्न सफल भयो (२०७८ भदौ ४ गते शुक्रबार) ।

**वाक्य**

प्रस्तुत शोध अध्ययनमा 'प्रबोध' साप्ताहिक पत्रिकाको सम्पदाकीयको भाषा वाक्य प्रकारका आधारमा गरिएको छ । भाषा वाक्य प्रकारका आधारमा गरिएको अध्ययनमा नमुनाका रूपमा छनोट गरिएका 'प्रबोध' साप्ताहिक पत्रिकामा १० वटा सम्पादकीयमा २ सय ७१ वटा वाक्यहरू भेटिएका छन् । जसमध्ये १ सय ९ वटा जटिल वाक्य र १ सय ६२ वटा सरल वाक्य रहेका छन् ।

यहाँ नमुनाका रूपमा लिइएका 'प्रबोध' साप्ताहिक पत्रिकाको १० वटा सम्पादकीयका वाक्यहरूलाई वर्गीकरण गरी निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ६**

**प्रत्येक सम्पादकीयमा प्रयुक्त वाक्यको वर्गीकरण**

| मिति | सरल वाक्य | जटिल वाक्य | जम्मा |
|---|---|---|---|
| मिति २०७८ साउन १ | ७ | १२ | १९ |
| मिति २०७८ साउन ८ | १३ | ८ | २१ |
| मिति २०७८ साउन १५ | २९ | ८ | ३७ |
| मिति २०७८ साउन २२ | २२ | ९ | ३१ |
| मिति २०७८ भदौ ४ | १८ | ९ | २७ |

| | | | |
|---|---|---|---|
| मिति २०७८ भदौ ११ | १६ | ९ | २५ |
| मिति २०७८ भदौ १८ | १४ | १३ | २७ |
| मिति २०७८ भदौ २५ | ११ | १२ | २३ |
| मिति २०७८ असोज ८ | १९ | १७ | ३६ |
| मिति २०७८ असोज १५ | १३ | १२ | २५ |
| **जम्मा** | **१६२** | **१०९** | **२७१** |

माथिको तालिकाअनुसार 'प्रबोध' साप्ताहिक पत्रिकाको प्रत्येक सम्पादकीयमा प्रयुक्त वाक्यलाई सरल र जटिल वाक्यमा विभाजन गरी अध्ययन गरिएको छ । सम्पादकीयमा भएका सरल र जटिल वाक्यलाई परिशिष्टमा हेर्न सकिन्छ ।

**तालिका नं. ७**

**वाक्यको वर्गीकरण**

| वाक्यको प्रकार | वाक्य सङ्ख्या | प्रतिशत |
|---|---|---|
| सरल वाक्य | १६२ | ५९.७८% |
| जटिल वाक्य | १०९ | ४०.२२% |
| **जम्मा** | **२७१** | **१००%** |

माथिको तालिकाअनुसार सरल वाक्य १ सय ६२ (५९.७८ प्रतिशत) र जटिल वाक्य १ सय ९ (४०.२२ प्रतिशत) भएको देखिन्छ । एउटा सम्पादकीयमा बढीमा ३७ वटा र कममा १९ वटा वाक्यहरू भेटिएका छन् । जटिल वाक्यको तुलनामा सरल वाक्यको प्रयोग केही बढी भएको देखिन्छ । लामालामा वाक्यको अधिक मात्रामा प्रयोग भएको पाइन्छ । कम्तीमा ३ देखि बढीमा ७० शब्दसम्ममा वाक्यहरूको प्रयोग भएको पाइन्छ ।

**सरल वाक्यका केही उदाहरणहरू**

क. व्यवस्था बदलिएको छैन (२०७८ साउन १ गते) ।

ख. क्रान्ति सम्पन्न गर्ने कुरा हो (२०७८ साउन ८ गते) ।

ग. नेपाली जनता युरोप, अष्ट्रेलिया, खाडी मुलुकमा बिकाउने दास मात्र बन्नु हुन्न ( २०७८ साउन १५ गते) ।

घ. यसलाई राज्यले बेलैमा नियन्त्रण गर्न जरुरी छ (२०७८ भदौ ११ गते)

माथिका उदाहरणमा 'क', 'ख', 'ग' र 'घ' मा एउटा मात्र उपवाक्यको प्रयोग गरिएको छ । यी वाक्यहरूमा एउटा मात्र समापिका क्रिया 'छैन', 'हो' आएका छन् साथै ती प्रत्येक वाक्यहरूलाई आफ्नो एउटै मात्र अवधारणा बुझाउने भएकाले प्रस्तुत वाक्यलाई उदाहरणका रूपमा लिन सकिन्छ ।

जटिल वाक्यका केही उदाहरण

क. कृषिप्रधान देशका यी मानिसहरूका शाखा सन्तानमा विरलैले मात्र हलो, कोदालो चलाएका होलान् अनि उत्पादनको अर्थ के हो थाहा होला र ? कुनै विश्वविद्यालय नै नटेकी फलामलाई आगो बनाएर विभिन्न आकारमा ढाल्नु, सिङ्गो कपडालाई मानिसको जिउमा मिल्ने पोशाक लगाउने, काँचो छालाको पाउमा लगाउने जुत्ता निर्माण गर्नु, कृषि औजार, हातहतियार, गरगहना बनाउनु, भाडावर्तन बनाउनु, युद्ध लड्नु, खेतीपाती, पशुपालन, जडीबुटी उत्पादन र महत्वको अनुहार नदेखेको मानिसको नश्ल नै आजसम्मको शासन सत्ताको मालिक बनेको छ (२०७८ भदौ १८ गते) ।

ख. चुनावका नाममा जनमत देखाएर वि.पि. मात्र होइन देशमा एमसीसी सम्मका सम्झौता गरेर अन्तराष्ट्रिय आतङ्कवादी अमेरिका जस्तो युद्ध पिपाशुलाई भित्र्याउने काम पनि हामी जनताकै बलमा संसदवादी दलालहरू गरिरहेका छन् (२०७८ भदौ २५ गते) ।

ग. यी दुवैका काम जनतालाई चुस्ने, दास बनाउने, सत्ता हातमा लिएर सत्ता र शक्तिको व्यापक दुरूपयोग गरेर जनमदन गर्ने र सन्धि सम्झौताको नाममा देशै नै दाउमा राखेर खाने र मोजमस्ती गर्ने हो (२०७८ असोज ८ गते) ।

घ. जनताले आफै अब हुने चाडपर्वको बहानामा कालोबजारी, कृत्रिम अभाव, महंगी, ठगी, खाद्यान्नमा मिसावट, मूल्यवृद्धि जस्ता धन्दाहरूको प्रतिरोध नगरीकन न्याय पाउने कुनै पनि सम्भावना नै छैन (२०७८ असोज १५ गते) ।

उदाहरणमा प्रस्तुत गरिएका 'क', 'ख', 'ग' र 'घ' वाक्यमा एकभन्दा बढी क्रियापदको प्रयोग भएको देखिन्छ । यी वाक्यहरूमा 'र', 'पनि' जस्ता संयोजकको प्रयोग

भएको पाइन्छ । यी वाक्यहरूलाई दुई वा दुईभन्दा बढी वाक्यमा छुट्याउन सकिन्छ । त्यसैले यी वाक्यलाई जटिल वाक्यको उदाहरणका रूपमा लिन सकिन्छ ।

### नेपाली उखान

प्रस्तुत शोधअध्ययनमा 'प्रबोध' साप्ताहिक पत्रिकामा प्रस्तुत नेपाली उखानको अध्ययन गर्ने जमर्को गरिएको छ । जसअन्तर्गत 'प्रबोध' साप्ताहिक पत्रिकाको मिति २०७८ साउन १ देखि मिति २०७८ असोज १५ गतेसम्मका १० वटा सम्पादकीयलाई आधार बनाइएको छ । नमुनाको रूपमा छनोट गरिएका १० वटा सम्पादकीयहरू मध्ये न्यून मात्रामा उखानको प्रयोग गरिएको पाइन्छ । प्रस्तुत अध्ययनमा पाइएका उखानहरू निम्नलिखित छन् ।

क. घुमिफिरी रुम्जटार (२०७८ भदौ ४)

ख. बलिको बोका (२०७८ असोज ८)

प्रस्तुत अध्ययनमा नमुनाका रूपमा छनोट गरिएका १० वटा सम्पादकीयमा २ वटा उखानको प्रयोग भएको पाइयो । सम्पादकीय लेखनको मान्यताअनुसार सम्पादकीयमा उखान टुक्काको प्रयोगले सम्पादकीयलाई अनावश्यक रूपमा भद्दा बनाउने हुँदा सम्पादकीयमा सकभर उखानको प्रयोग नगर्दा नै उत्तम हुने देखिन्छ ।

यस आधारमा प्रस्तुत 'प्रबोध' साप्ताहिक पत्रिकको सम्पादकीयको अध्ययन गर्ने क्रममा नेपाली उखान न्यून भेटिनुलाई सामान्य रूपमा लिन सकिन्छ ।

### स्रोतका आधारमा शब्दभण्डार

प्रस्तुत अध्ययनमा 'प्रबोध' साप्ताहिक पत्रिकाको १० वटा सम्पादकीयको शब्दभण्डारलाई स्रोतका आधारमा वर्गीकरण गरिएको छ । जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

**तालिका नं. ८**

**प्रत्येक अङ्कको शब्दभण्डार वर्गीकरण**

| अङ्क | तत्सम | तद्भव | आगन्तुक | जम्मा |
|---|---|---|---|---|
| मिति २०७८ साउन १ | ८३ | ८ | १४ | १०५ |
| मिति २०७८ साउन ८ | ६२ | १३ | १६ | ९१ |

| | | | | |
|---|---|---|---|---|
| मिति २०७८ साउन १५ | ४९ | २२ | ९ | ८० |
| मिति २०७८ साउन २२ | ६२ | १४ | १८ | ९४ |
| मिति २०७८ भदौ ४ | ५३ | १४ | १० | ७७ |
| मिति २०७८ भदौ ११ | ५६ | ८ | १० | ७४ |
| मिति २०७८ भदौ १८ | ७३ | ३० | १२ | ११५ |
| मिति २०७८ भदौ २५ | ६० | १३ | १३ | ८६ |
| मिति २०७८ असोज ८ | ६५ | १२ | ७ | ८४ |
| मिति २०७८ असोज १५ | ५४ | २५ | ९ | ८८ |
| **जम्मा** | **६१७** | **१५९** | **११८** | **८९४** |

माथिको तालिकाअनुसार 'प्रबोध' साप्ताहिक पत्रिकामा शब्दभण्डारका दृष्टिले तत्सम, तद्भव र आगन्तुक गरी जम्मा ८ सय ९४ शब्द रहेको पाइयो । यी सबै शब्दभण्डारको अवस्थालाई परिशिष्टमा हेर्न सकिन्छ ।

**तालिका नं. ९**

**स्रोतका आधारमा शब्दभण्डारको वर्गीकरण**

| वाक्यको प्रकार | वाक्य सङ्ख्या | प्रतिशत |
|---|---|---|
| तत्सम | ६१७ | ६९.०३% |
| तद्भव | १५९ | १७.७८% |
| आगन्तुक | ११८ | १३.१९% |
| **जम्मा** | **८९४** | **१००%** |

माथिको तालिकाअनुसार 'प्रबोध' साप्ताहिक पत्रिकाको १० ओटै सम्पादकीयमा तत्सम्, तद्भव र आगन्तुक स्रोतका शब्दहरूको प्रयोग भएको देखिन्छ । जसमा ८९४ शब्दहरूमध्ये तत्सम् ६१७ (६९.०३ प्रतिशत), तद्भव १५९ (१७.७८ प्रतिशत) र आगन्तुक ११८ (१३.१९ प्रतिशत) प्रयोग भएको पाइन्छ । यसरी हेर्दा तत्सम शब्दको प्रयोग अत्याधिक भएको पाइन्छ ।

सम्पादकीयमा प्रयुक्त तत्सम्, तद्भव र आगन्तुक शब्दहरू मध्ये केही शब्दहरूलाई उदाहरणका रूपमा निम्न तालिकामा हेर्न सकिन्छ ।

**तालिका नं. १०**

**सम्पादकीयमा भएका तत्सम्, तद्भव र आगन्तुक शब्दको सूची**

| तत्सम् | तद्भव | आगन्तुक |
|---|---|---|
| समाज | महामारी | बहस |
| संसदीय | अछुतो | बन्दुक |
| व्यवस्था | घाटा | हरेक |
| जनता | मसानघाट | अदालत |
| न्याय | ध्याउन्न | ढुकुटी |
| गम्भीर | खुकुलो | कुर्सी |
| अधिकांश | बन्दाबन्दी | सवाल |
| प्रगतिशील | आँखा | सही |
| क्रान्तिकारी | साउन | साल |
| राजनीतिक | साहु | किस्ती |
| शक्ति | घर | तयार |
| विकृति | कपास | रोजगार |
| सन्दर्भ | बास | अस्ट्रेलिया |
| प्रतिरोध | रातो | युरोप |
| दल | माटो | मुस्किल |
| संविधान | भरिपूर्ण | जरुरी |
| सभा | धुवाँ | पार्टी |
| विघटन | सुन | सरकार |
| निर्वाचन | पौरख | हरेक |
| स्थानीय | सपना | आम्दानी |
| प्रदेश | चुनाव | तह |
| जनप्रतिरोध | बिक्री | मुलुक |
| परिणाम | सिप | तहसनहस |
| पूर्ण | धन्दा | कमिसन |
| पुष्टि | घात | दलाली |

**अध्याय ५ : निष्कर्ष, सुझाव र उपयोगिता**

**निष्कर्ष**

सुनसरीबाट प्रकाशित 'प्रबोध' साप्ताहिक पत्रिकाको अध्ययन गर्ने क्रममा 'प्रबोध' साप्ताहिक पत्रिकाका १० वटा सम्पादकीयलाई लिइएको छ । 'प्रबोध' साप्ताहिक पत्रिकाको वि.सं. २०७८ साउन १ देखि असोज १५ सम्मका १० वटा सम्पादकीयलाई लिइएको छ । 'प्रबोध' साप्ताहिक पत्रिकाका १० वटा सम्पादकीयमा प्रयुक्त नेपाली भाषाको अध्ययन गर्ने क्रममा प्राप्त निष्कर्षलाई निम्नानुसार बुँदागत रूपमा देखाउन सकिन्छ :

- सम्पादीयको शीर्षकका आधारमा अध्ययन गर्दा २ देखि ७ शब्दसम्मका शीर्षकमा संरचित भएका पाइन्छन् । त्यसमा शीर्षकहरू आकर्षक, जनताको ध्यान केन्द्रित गर्ने खालको, समय सान्दर्भिक, जनताको लागि आवश्यक पर्ने खालका रहेका छन् ।
- सम्पादकीयको संरचनाको आधारमा अध्ययन गर्दा सबै सम्पादकीयहरू १ अनुच्छेदमा संरचित भएका पाइन्छन् । सबै सम्पादकीयहरू १ अनुच्छेदमा ( १०० प्रतिशत) रहेको पाइन्छ ।
- सम्पादकीयको विषयवस्तु आधारमा अध्ययन गर्दा ३ वटा विषयवस्तुमा केन्द्रित रही सम्पादकीय लेखिएको पाइन्छ । जसमध्ये सबैभन्दा बढी राजनीतिक विषयमा ४ वटा (४० प्रतिशत) र सबैभन्दा कम दृष्टिकोणमा २ वटा (२० प्रतिशत) सम्पादकीय लेखिएको पाइन्छ ।
- सम्पादकीयको शैलीको आधारमा अध्ययन गर्दा विभिन्न शैलमिा सम्पादकीयहरू संरचित भएका पाइन्छन् । जसमध्ये सबैभन्दा बढी सूचना दिने ५ वटा (५० प्रतिशत), आलोचना गर्ने ४ वटा (४० प्रतिशत) पाइन्छन् भने सबैभन्दा कम भविष्यवाणी गर्ने १ वटा (१० प्रतिशत) सम्पादकीय संरचित भएका पाइन्छन् ।
- सम्पादकीयको आन्तरिक पक्षअन्तर्गत कालको आधारमा अध्ययन गर्दा भूतकालिन वाक्यभन्दा अभूतकालिन वाक्यहरूको प्रयोग बढी भएको देखिन्छ । जम्मा २७१ वाक्यमध्ये अभूतकालका २४९ (९१.८९ प्रतिशत) र भूतकालका २२ (८.११ प्रतिशत) रहेको पाइन्छ ।

- सम्पादकीयमा प्रयुक्त वाक्यका आधारमा अध्ययन गर्दा १० वटा सम्पादकीयमा २ सय ७१ वाक्यमध्ये सरल वाक्य १६२ वटा (५९.७८ प्रतिशत) र जटिल वाक्य १०९ वटा (४०.२२ प्रतिशत) रहेको पाइन्छ ।
- सम्पादकीयमा नेपाली उखानको प्रयोग न्यून देखिन्छ । अध्ययनका लागि छनोट गरिएको १० नमुना सम्पादकीयमा २ वटा मात्र उखानको प्रयोग देखिन्छ ।
- शब्दस्रोतका आधारमा सम्पादकीयको अध्ययन गर्दा सम्पादकीयमा सबैभन्दा बढी तत्सम शब्द ६१७ (६९.०३ प्रतिशत), सबैभन्दा कम आगन्तुक शब्द ११८ (१३.१९ प्रतिशत) र तद्भव शब्द १५९ (१७.७८ प्रतिशत) रहेको छ ।

**सुझावहरू**

प्रस्तुत शोधकार्यको निष्कर्षमा आइपुग्दा 'प्रबोध साप्ताहिक पत्रिकाको सम्पादकीयमा प्रयुक्त भाषाको अध्ययन' नामक अध्ययनमा सम्पादकीयको अझ परिष्कार, परिमार्जन र स्तरीयताका लागि केही सुझावहरू दिनु आवश्यक ठानिएको छ । शोधकार्यको उद्देश्य भनेको समस्या मात्र पत्ता लगाउनु मात्र नभएर समस्या समाधानका लागि आवश्यक सुझावहरू प्रदान गर्नु पनि हो । प्रस्तुत शोधकार्य पश्चात शोध विषयसँग सम्बन्धित पक्षलाई निम्न सुझावहरू बुदागत रूपमा प्रस्तुत गरिएको छ ।

- अध्ययनको क्रममा शीर्षकहरू प्रायः लामा लामा रहेकाले यथासम्भव अलि छोटामा समेट्नु राम्रो हुन्छ ।
- सम्पादकीय लेखनमा ३ अनुच्छेदमा समेट्नु राम्रो हुनाले सम्पादकीय संरचनालाई एउटै अनुच्छेदमा नलेखेर तीनदेखि बढीमा चार अनुच्छेदसम्ममा लेख्नु राम्रो हुन्छ ।
- अध्ययनका क्रममा धेरै लामा-लामा वाक्यको प्रयषेग भएको पाइन्छ । जसलाई कम गर्न उपयुक्त मानिन्छ ।
- सम्पादकीयमा आलोचना, राजनीतिकको साथमा अरु विषय पनि समेट्न उचित हुन्छ ।

- तद्भव शब्दपछि तत्सम र त्यसपछि मात्र आगन्तुक शब्दलाई प्रयोग गर्ने क्रममा जहाँसम्म सम्भव हुन्छ, त्यहाँसम्म आगन्तुक शब्दको प्रयोग नगर्नु नै राम्रो हुन्छ ।
- स्थानीय स्तरबाट प्रकाशित हुने पत्रिका भएकाले नेपाली भाषाको संरक्षण र सम्बर्द्धनमा यसको उल्लेखीय भूमिका रहन्छ । त्यसैले जटिल किसिमका आगन्तुक शब्दहरूको प्रयोग गर्नुपरे नेपाली रूप पहिल्याएर सोही अनुरूप सम्प्रेषण गर्दा उपयुक्त हुन्छ ।
- शीर्षकमा प्रश्नवाचक चिन्ह प्रयोग नगर्नु नै उपयुक्त हुन्छ ।

**उपयोगिता**

- **नीतिगत तह**

आजको आधुनिक युगमा आमसञ्चारको माध्यमले ज्यादा स्थान पाएको छ । विशेषगरी समाचारपत्रले प्रायः सबै वर्गलाई समेटेको पाइन्छ । भाषाको आधुनिकीकरण सँगसँगै यसको प्रयोगको क्षेत्र पनि बढ्दै गइरहेको छ । सञ्चारका विभिन्न माध्यमहरूले आम जनताहरूलाई सुसूचित गराइरहेका छन् तर सञ्चारका क्षेत्रमा भाषिक प्रयोगमा भने एकता देखिँदैन आमसञ्चारको सर्वशुलभ माध्यमको रूपमा परिचित छापामाध्यमको पनि भाषिक एकताको स्थिति पाइँदैन । यस परिप्रेक्ष्यमा नेपाल सरकार सूचना तथा सञ्चार मन्त्रालयले पत्रकारिता सम्बन्धी तथा आमसञ्चारसम्बन्धी एउटा नीति ल्याई व्यवहारमा कार्यान्वयन गर्न आवश्यकता देखिन्छ जसले गर्दा पाठकवर्गमा सहजताको स्थिति सिर्जना हुन सकोस् ।

- **प्रयोगगत तह**

सञ्चारको वर्तमान युगमा प्रयोग हुने भाषाको पाठकवर्गलाई ठूलो द्विविधामा पार्ने काम गरेको छ । आमसञ्चारमा प्रयोग हुने भाषामा अनेकताको स्थिति छ । सञ्चार भनेको बालबालिकादेखि वृद्ध तथा बुद्धिजीविसम्मका लागि समान समाचार प्रसारणको साझा माध्यम भएकोले यसको भाषा सरल, सुबोध, मानक र जनजीवनमा भिजेका शब्द प्रयोग गरिनुपर्दछ । जसले गर्दा पाठकवर्गमा समाचार सजिलै पढ्न सकिन्छ । नेपाली भाषाको प्रयोगका सवालमा हाल कोडमिश्रणसमेत अत्यन्तै अधिक रूपमा हावी हुन थालेको पाइन्छ । यस्ता द्विविधा जटिलता, अनेकता

तथा त्रुटिलाई अन्त्य गर्दै सर्वपाच्य भाषाको प्रयोगार्थ सबै सञ्चारकर्मीमा ज्ञान र सचेतताको बीजारोपण गर्नुपर्ने देखिन्छ ।

**भावी अनुसन्धानका सम्भाव्य शीर्षकहरू**

- धरानबाट प्रकाशित हुने दैनिक पत्रिकाको विज्ञापनमा प्रयोग हुने भाषाको अध्ययन,
- धरानबाट प्रकाशित हुने साप्ताहिक पत्रिकाको समाचार खण्डमा प्रयोग हुने भाषाको अध्ययन,
- धरानबाट प्रकाशित हुने साप्ताहिक पत्रपत्रिकामा नेपाली भाषा प्रयोगको अवस्था ।

# सन्दर्भ सूची


नेपाली बृहत, शब्दकोश (२०६३), नेपाल प्रज्ञा प्रतिष्ठान ।

अधिकारी, हेमङ्गराज र भट्टराई बद्रीविशाल (२०७०), नेपाली प्रयोगात्मक शब्दकोश (दोस्रो संस्करण), काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

खनाल, श्रीराम, शशी मरासिनी र निर्मल शर्मा (२०७८), आमसञ्चार माध्यम र सञ्चारको परिचय, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

खनाल, श्रीराम (२०७६), पत्रकारिताको सिद्धान्त र व्यवहार, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

लामिछाने, कपिल, ऋषिराम भुसाल र पञ्चप्रसाद शर्मा (२०६१), पत्रकारिताको रूपरेखा, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

बन्धु, चूडामणि (२०७५), अनुसन्धान तथा प्रतिवेदन लेखन, काठमाडौं : रत्न पुस्तक भण्डार ।

भट्टराई, रामप्रसाद (२०७३), भाषिक अनुसन्धान विधि, काठमाडौं : शुभकामना प्रकाशन प्रा.लि. ।

मगर, मुना (२०७५), आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकाको सम्पादकीयमा प्रयुक्त भाषाको अध्ययन (अप्रकाशित एम.एड. स्रोत) सानोठिमी क्याम्पस, भक्तपुर, नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय ।

पोखेल, रविना (२०७१), पूर्वाञ्चल राष्ट्रिय दैनिक पत्रिकाको सम्पादकीयमा प्रयुक्त भाषाको अध्ययन (अप्रकाशित एम.एड. स्रोत) त्रि.वि. किर्तिपुर क्याम्पस, काठमाडौं, नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय ।

खत्री, उमेश (२०७१), सुनसरीबाट प्रकाशित दैनिक पत्रिकाको सम्पादकीयको भाषिक अध्ययन (अप्रकाशित एम.एड. स्रोत) जनता बहुमुखी क्याम्पस, इटहरी, नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय ।

निरौला, बोधराज (२०७४), वर्तमान नेपाली भाषा पाठ्यपुस्तकको निबन्ध विधाको शब्दभण्डारको अध्ययन (अप्रकाशित एम.एड. स्रोत) जनता बहुमुखी क्याम्पस, इटहरी, नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय ।

पराजुली, सुरेन्द्रप्रसाद (२०६६), धरानबाट प्रकाशित दैनिक पत्रिकाहरूमा पाइएका वर्णविन्याससम्बन्धी त्रुटिहरूको अध्ययन (अप्रकाशित एम.एड. स्रोत) जनता बहुमुखी क्याम्पस, इटहरी, नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय ।

अस्वस्थ राजनीति ....?, (२०७८) सम्पादकीय, 'प्रबोध' साप्ताहिक पत्रिका, साउन १, पृ.: २ ।

आरक्षण र सर्वोच्चको फैसला ... ।, (२०७८) सम्पादकीय, 'प्रबोध' साप्ताहिक पत्रिका, भदौ ४, पृ.: २ ।

चाडपर्वको वहानामा ठगी धन्दा ... ।, (२०७८) सम्पादकीय, 'प्रबोध' साप्ताहिक पत्रिका, असोज १५, पृ.: २ ।

जनमत सङ्ग्रहको सवाल ... ।, (२०७८) सम्पादकीय, 'प्रबोध' साप्ताहिक पत्रिका, साउन ८, पृ.: २ ।

नेपाली नश्लमा सांसदवाद, समाजवाद र वैज्ञानिक समाजवाद ... ।, (२०७८) सम्पादकीय, 'प्रबोध' साप्ताहिक पत्रिका, भदौ १८, पृ.: २ ।

राज्य र नागरिकको चेतना ... ।, (२०७८) सम्पादकीय, 'प्रबोध' साप्ताहिक पत्रिका, साउन २२, पृ.: २ ।

वि.पि.को समस्या र समाधान ... ।, (२०७८) सम्पादकीय, 'प्रबोध' साप्ताहिक पत्रिका, भदौ २५, पृ.: २ ।

शान्ति र समृद्धिको बाधक ... ।, (२०७८) सम्पादकीय, 'प्रबोध' साप्ताहिक पत्रिका, असोज ८, पृ.: २ ।

सङ्कट, राज्य र सरकार ... ।, (२०७८) सम्पादकीय, 'प्रबोध' साप्ताहिक पत्रिका, साउन १५, पृ.: २ ।

समाजमा बढेको अराजकता र विकृति ... ।, (२०७८) सम्पादकीय, 'प्रबोध' साप्ताहिक पत्रिका, भदौ ११, पृ.: २ ।

## व्यक्तिगत विवरण

| | | |
|---|---|---|
| नाम | : | मनिषा ठकुरी |
| जन्ममिति | : | २०४६/०१/१६ |
| बाबुको नाम | : | भिमबहादुर ठकुरी |
| आमाको नाम | : | प्रेम कुमारी ठकुरी |
| स्थायी ठेगाना | : | धरान-१७, सुनसरी |
| लिङ्ग | : | महिला |
| नागरिक | : | नेपाली |
| धर्म | : | हिन्दु |
| शैक्षिक योग्यता | : | स्नातकोत्तर तह शिक्षाशास्त्र अध्ययनरत |
| सम्पर्क नं. | : | ९८०४३२८६६१ |

**शिक्षा**

| क.सं. | योग्यता | अध्ययन गर्नेको संस्था |
|---|---|---|
| १ | प्रवेशिका परीक्षा | श्री ज्ञानोदय माध्यमिक विद्यालय, धरान |
| २ | प्रवीणता प्रमाणपत्र | नाष्ट कलेज, धरान, सुनसरी |
| ३ | स्नातक शिक्षाशास्त्र | महेन्द्र क्याम्पस, धरान |
| ४ | स्नातकोत्तर | जनता बहुमुखी क्याम्पस, इटहरी |

## सम्पादकीय

# अस्वास्थ्य राजनीति ... ?

नेपाली समाजमा धेरै अघिदेखि नै संसदीय व्यवस्थाले नेपाली जनतामा न्याय दिन नसक्ने कुराको गम्भीर बहस हुदै आएको छ । नेपालका अधिकांश प्रगतिशील क्रान्तिकारी राजनीतिक शक्तिहरूले नेपाली राजनीति र राज्यव्यवस्थामा भएको विकृतिको सन्दर्भमा प्रतिरोध पनि गर्दै आएको हो । संसदवादी दलहरूको षडयन्त्रपुर्वक भएको पहिलो संविधान सभाको विघटन पश्चात भएका दोस्रो संविधान सभाको निर्वाचन, स्थानीय, प्रदेश र संघीय निर्वाचनहरूमा ठूलो जनप्रतिरोध भएको थियो । बन्दुकका भरमा गरिएका ती निर्वाचनको परिणम आजसम्म आईपुग्दा छ पटकसम्म संसद विघटन र चार पटकसम्म पुनःस्थापना हुनुले पनि पूर्ण रूपमा संसदीय व्यवस्था असफल भईसकेको पुष्टि हुन्छ । हरेक प्रकारका राजनीतिक निर्णयहरू अदालतले गर्ने हो भने किन जननिर्वाचित जनप्रतिनिधि भनेर नेपाली जनताको कर तिरेको ढुकुटीबाट तलब भत्ता खुवाएर राख्ने ? राज्यको निर्णय नै गर्न नपाउने व्यवस्थापिका, कार्यपालिकाको के काम ? सबै कुरा न्यायलयले नै गरिदिने हो भने यति ठूलो व्यवस्थिका र कार्यपालिका किन ? यी प्रश्नहरू नेपाली राजनीतिक वृत्तमा गम्भीर प्रश्न हुन । खाली कुर्सी फेर्ने कुरा नितन्त राजनीतिक सवाल होइन । अहिलेसम्मको नेपाली राजनीतिमा व्यवस्थाको विकल्प खोज्ने कुरा चाहिँ सही हो । त्यही असफल र अस्तित्व नभएको आफैं चल्न नै नसक्ने संसदीय व्यवस्थामा मात्रै कुर्सी फेर्ने कुरा राजनीति कुरा नै होइन । परिर्वतन र क्रान्तिमाथि आक्रमण गर्ने व्यक्तिहरूको कुर्सी होडबाजी कुनै राजनीतिक बहस नै होइन । चाहे त्यो विकास र समृद्धिको नारा लगाएर देश लुट्ने तत्व होस वा लोकतन्त्रमाथि हमाला भएको नारा लगाएर देश लुटने तत्व हुन । हरेक कालखण्डका नेपाली जनताका शत्रु मात्र हुन । यिनीहरूको चरित्र भनेको रूप बदल्न देश भद्रगोल बनाएर जनताको भविष्य अन्धकार बनाउनेहरूको खेल राजनीति हुन सक्दैन् । यसमा नेपाली जनताको मानबीय चेतना आउने सकेको छैन । अहिले नेपाली जनतामा रूप बदलिएको दास युगकै चेतना रहेको छ । जसले गर्दा आजसम्म सही र गलत राजनीतिक निर्णय गर्न सकिरहेका छैन । २००७ साल यता कुर्सी फेर्ने कुरा मात्र बाक्लो भएको छ । व्यवस्था नै नफेरिकन कुर्सी फेरेर नेपाली जनताको भविष्य सम्भाव नै छैन् । अहिलेसम्मको नेपाली राज्यसत्ता दास युगको राज्यसत्ताकै निरन्तरता हो । यसको रङ्ग, रूप मात्र बदलिएको हो । व्यवस्था बदलिएको छैन । मानव चेतनाको रूप फेरिएको छ । चेतना फेरिएको छैन् । राज्यसत्ता, मानव चेतना नै नबदलिई राजनीति बदलिन सक्दैन् । मानव चेतना नबदलिएको राजनीति मानव समाजमा कुनै अर्थ नै रहदैन । नेपाली समाजमा अब व्यवस्था र मानव चेतना दुवै बदलिन जरूरी भएको छ । अहिले देश राजनीतिको रूपमा कुर्सी खोसा खोसको अस्वस्थ होडबाजीमा रूमल्लिएको छ । जो जनहित, राष्ट्रहित विपरित छ ।

मिति : २०७८/४/१

## सम्पादकीय

# जनमत सङ्ग्रहको सवाल ... ।

अहिले नेपाली समाजमा निकै गम्भीर विषयमा बहस तथा छलफल चलिरहेको छ । दलाल संसदीय व्यवस्था पुर्णरूपमा विकृत बनेर असफल भई सकेपछि नयाँ बहसको नितन्त आवश्यकता पनि हो । असफल दलाल संसदीय व्यवस्थाको विकल्पमा वैज्ञानिक समाजवादी व्यवस्था स्थापनाका लागि जनमत सङ्ग्रहको सवाल अघि बढिरहेको छ । असफल भईसकेको संसदीय व्यवस्था दलालको हातमा संसदीय व्यवस्थालाई नै विकृत बनाएर समाजलाई अझ पछौटेपनतिर लैजान राष्ट्र, अन्तराष्ट्रिय शक्ति केन्द्र लागिपरेको अवस्था छ । खास गरेर विश्व साम्राज्यवादी शक्ति केन्द्रहरू संसदीय व्यवस्थाई नै अझ असफल बनाएर आफ्नो हातबाट सत्ता परिचालन गर्न चाहिरहेका छन् । यस्तो परिवेशमा नेपाली जनताको चेतना स्तर रूप परिर्वतित दास युगबाट माथि उठन सकेको अवस्था पनि छैन् । देशमा युवा जनशक्तिको मनस्थिति युरोप, अस्ट्रेलिया, खाडीमा गएर दास बन्ने चेतनाबाट ग्रसित छन् । संसदीय व्यवस्थाले युवा जनशक्तिलाई दास नै बनाई राख्न विभिन्न देशसँग रोजगारको सम्झौताको दलाली गरिरहेको छ । त्यो चेतनाले सजिलै वैज्ञानिक समाजवादी व्यवस्था र अहिलेको दलाल पुँजीवादी असफल संसदीय व्यवस्थाको अर्न्तय छुटाउन सजिलै सक्ने अवस्था छैन । यो पिडा जनतामा छ तर निर्णय गर्ने बेलामा त्यो चेतनाले निर्णय लिन सक्ने अवस्था सिर्जना गर्न वैज्ञानिक समाजवाद पक्षधर शक्तिहरूले वातावरण तयार गर्नु पर्दछ। गफ गर्दैमा कसैले वैज्ञानिक समाजवादी व्यवस्था कसैलाई किस्तीमा सजाएर दिने कुरा पनि होइन । यो त प्रयोग गर्ने कुरा हो । क्रान्ति सम्पन्न गर्ने कुरा हो । वैज्ञानिक समाजवाद निर्माणको लागि जनता पनि त्यतिकै सचेत हुनु पर्दछ । जनतामा चेतना भएनन् भने वैज्ञानिक समाजवाद कार्यन्वयन गर्न मुश्किल हुन्छ । वैज्ञानिक समाजवादमा विज्ञान प्रविधिको विकास पनि त्यतिकै महत्वपुर्ण हुन्छ । मुख्य गरेर वैज्ञानिक समाजावादमा उत्पादको महत्व हुन्छ । अहिले कै जस्तो राज्यले रोजगारीका लागि विभिन्न देशमा सम्झौता गरेर युवा श्रमशक्तिलाई बिक्री गरेर वैज्ञानिक समाजवाद स्थापना गर्न सकिन्न । वैज्ञानिक समाजवाद निर्माणका लागि देशका सारा जनताले आफ्नै भुमिमा पसिना पोख्न जरूरी छ । नयाँ नयाँ विधि र प्रविधिको खोज अनुसन्धान र उत्पादन गर्नु उत्तिकै आवश्यकता हुन्छ । उत्पादन विनाको वैज्ञानिक समाजवाद घोषणा गरेर मात्र वैज्ञानिक समाजवाद हुँदैन । वैज्ञानिक समाजवादको स्थापनाका लागि न्युनतम आधार क्रान्तिकारी कम्युनिस्ट पार्टीले तयार गर्नु पर्दछ । अहिलेकै अवस्थामा नेपालका कुनै पनि कम्युनिस्ट नामका पार्टीले आफ्नो न्युनतम पार्टी संरचना र जनतामा उत्पादनको जागरण ल्याउन नसेको अवस्थामा वैज्ञानिक समाजवादको बहस निकै पेचिलो देखिन्छ । यसको आधार तयार गर्न निकै मुश्किल हुन्छ । पुरानै राजनीतिक विधि र तरिकाबाट वैज्ञानिक समाजवाद सम्भव छैन् ।

मिति : २०७८/४/८

# सम्पादकीय

## सङ्कट, राज्य र सरकार ...।

अहिले विश्वव्यापी रूपमा फैलिएको महामारीका कारण नेपाली समाज पनि अछुतो रहन सकेको छैन् । सबै देशमा राज्य वा सरकारको आ-आफ्नो भुमिका हुन्छ । अझ यस्तो महामारीको समयमा त राज्य वा सरकारको आफ्ना नागरिकको लागि दायित्व झन बढ्र्छ । हरेक जनताले आफ्नो वार्षिक कमाईको केही प्रतिशत सरकारलाई कर तिरेकै हुन्छन् । नागरिकको कमाई पनि अन्ततः राज्य वा सरकारकै हो । हरेक नागरिकले गरेका कार्य राज्यकै नियन्त्रणमा हुने गर्दछन् । झन नेपाली समाजमा त नागरिकले विदेश गएर होस वा ऋण लिएर होस् आफ्नो सम्पत्ति, आम्दानी वा व्यापार, व्यवसाय घाटामा वा कमाई नभएपनि कर तिरेकै हुन्छ । राज्य र सरकार चलाउने मेरुदण्ड नै देशका सबै नागरिक हुन । यस्तो तहका नागरिकलाई सङ्कटको समयमा गाँस, बास, कपास र स्वास्थ्य उपचार गर्नु सरकारको पुर्ै दायित्व र कर्तव्य हो । महामारीको त्रासमा नागरिकलाई घरमा थुनेर राख्नु मात्र सरकारको दायित्व र कर्तव्य होइन । यो समयमा सरकारले जनताका लागि आवश्यक मात्रामा पोषण, गाँस, बास, कपास, र औषधी उपचारको निःशुल्क व्यवस्था गर्नु पर्दछ । सरकार जनताको साहु होइन । नेपाली समाजमा महामारीमा पनि यस वर्ष कर उठाउनकै लागि यो असार, साउनमा सरकारले आँखा चिम्लिएर बन्दाबन्दी खुकुलो पार्‍यो । यो सरकारको दायित्व होइन । यो त जनलुट हो । जनता गाँस, बास, कपास, र औषधी उपचार -मा छटपटाईरहेको समयमा सरकारको कर उठाउनमा नै ध्याउन्न रहयो । अर्कोतिर महामारीको चपेटामा जनतालाई थुनेर जनता लागि जलाउने मसानघाटको निर्माण र उद्घाटनमा नै सरकार व्यस्त रहेको थियो । जतिबेला जनतालाई मसानघाट होइन औषधी उपचार, पोषण चाहिएको थियो । यस्तो समयमा पनि जनहितकारी काम गर्न नसक्ने सरकारलाई नेपाली जनताले राम्ररी चिन्न पर्दछ । नेपाली जनता अब रूप मात्र फेरिएको दास युगबाट अघि बढ्नु पर्दछ । नेपाली जनता युरोप, अष्ट्रेलिया, खाडी मुलुकमा बिकाउको दास मात्र बन्नु हुन्न । यो शताब्दीको जनतालाई भेडा, बोकाको जति मात्र चेतनाले पुग्दैन् । यो समयको नेपाली जनताले आफुलाई युरोप, अष्ट्रेलिया र खाडी मुलुकहरूमा दास बनाएर वैधानिक व्यापार गरेर राज्यको स्रोत साधन केन्द्रीकृत गरेर बस्नेहरूलाई देश निकाला गरेर नेपाली समाजलाई स्वाधीन र समुन्नत बनाउन तयार हुनु पर्दछ। सङ्कटको समयमा जनता मरिरहँदा समेत कमिसन, दलालीमा लम्पट दलाल संसदीय व्यवस्थाका कुर्लन्ठगरहरू यो देशका सबै भन्दा ठूला अपराधी हुन । यहाँको राज्य प्रशासन पूर्णरुपमा जनताका लागि अपराधीहरूको अखडा भयो । यसले सधैं जनताको व्यापार मात्र गरिरहेको छ । भएका उत्पादन क्षेत्र पनि तहस नहस पारेर दक्षता भएका नागरिक समेत बच्ने यो अहिलेसम्म असफल भई सक्दा पनि जर्बजस्त चलाईरहेको व्यवस्था जनअपराधको सबै भन्दा ठूलो अखडा भएको छ ।

मिति : २०७८/४/१५

# सम्पादकीय

## राज्य र नागरिकको चेतना ...।

नेपाली समाज अहिलेसम्म आईपुग्दा पनि विकास र उन्नतिका लागि जनतादेखि शासकसम्मको नै चेतना आउन सकेन् । मुख्य गरेर नेपाली समाजलाई सञ्चालन गर्ने राजनीति समाजका लागि हुन सकेन । वैदेशिक शक्ति केन्द्रको स्वार्थ पूरा गर्नका लागि राजनीतिक नेतृत्व गर्ने नेताहरू केन्द्रित भएका छन् । आजभन्दा ७२ वर्ष अघि हान वंशीय शासकबाट मुक्त भएको रातो माटो भएको चीन र सोही समयमा राणा शासकबाट मुक्त भएको प्रकृतिले भरिपूर्ण जलस्रोतका हिसावले विश्वको दोस्रो धनी मुलुक हाम्रो देशको अवश्था हेर्दा सबै विदेशी दलाल साम्राज्यवादीका स्वार्थ अनुकुल देशको राजनीति चलेको छ । नेपालका जनतालाई देशको माया कति छ ? मुखले भन्ने देशको माया त लोलो पोतो मात्र हो । सपना विदेश सिगार्ने नै भएपछि हरेक नेपालीमा पौरख गरे देशकै माटोमा सुन फलाउन सकिने विश्वास नै छैन । देशमा रहेका हरेक युवा दिनभरि सिगरेटको धुवाँ र रक्सीको नशामा छन् । राज्य मानव व्यापारमा छ । प्राय गरेर अहिले आफ्नो युवा श्रमशक्ति विदेशी मुलुकका लागि लगाउने, जनताको चेतनाले विदेशीको मरूभुमिमा सुन फलाउने सपना बाहेक के देख्न सकेको छ ? देशको सत्ता चलाउने राजनीतिक दल त विदेशीका प्रायोजित व्यपारिक केन्द्र भईहाल्ने । विदेशीको व्यापारिक केन्द्रको एण्जेट र एजेन्सीका लागि खोलिएका संसदवादी राजनीतिक दलबाट देशको विकास र उन्नति सम्भ नै छैन । विदेशीको डलर थापेर खाने, चुनाव लड्ने, कुर्सीका लागि संसदको, खरिद बिक्री गर्ने राजनीतिक दलले देशलाई उन्नतितिर लैजाने कुरा नै भएन् । देशमा जनतालाई श्रम, सिप र मेहनत गराएर समृद्ध बनाउने कुरै भएन । हाम्रो देशको उत्पादन भनेको भिजा र पासपोर्ट हो । जसको माध्यमबाट रोजगारका नाममा राज्यले आफ्ना देशका नागरिक बिक्री गरिरहेको छ । हाम्रा नागरिक आफ्नो भाषा, संस्कार, संस्कृति सबै भुलेर विदेशी भुमि सुन्दर बनाउने सपनामा विदेशी भाषा घोकिरहेका छन् । नागरिकको चेतनाले आफू विदेशीको दास र स्वदेशको कंगाल बनिरहेको छैन् । जहिलेसम्म विदेशी दासका लागि मात्र आफू बिक्री भईरहेको देशका नागरिकको चेतनाले बुझ्दैन तबसम्म नेपाली समाज विकासमा नागरिकको दायित्व पूरा गर्न सक्दैनन् । देशका नागरिकको चेतनाले दास बनाउने विदेशीप्रति घृणा पैदा नभएसम्म देशमा महान नेता र महान् राजनीतिक दल पनि निर्माण हुन निकै मुश्किल छ । अहिले बहुसंख्याक नेपाली युवा पिढी लागि देश भन्दा विदेश र विदेशीका गल्ली प्यारो बनिरहेको छ । यसको सबैभन्दा ठूलो दोषी संसदवादी राज्यसत्ता र संसदवादी राजनीतिक दलहरू नै हुन् । यिनमा नागरिकलाई विदेशीको दास बनाउने ठूलो धन्दा फस्टाएको छ । जसले देशलाई ठूलो घात गरिरहेको छ । यो घातलाई सबैले बुझ्न जरुरी छ ।

मिति : २०७८/४/२२

## सम्पादकीय

### आरक्षण र सर्वोच्चको फैसला – ।

पछिल्लो चरणमा सबै राजनीतिक निर्णय पनि न्यायलयले नै गर्न थालेको छ । देशमा पछिल्लो चरणमा ठूलो बलिदानको परिमाण स्वरूप गरेको समाज परिवर्तनको विपरित राजनीतिक दलका नेता र नेतृत्व केन्द्रित बन्दै गएको राजनीतिक मोड भने प्रतिगमनतिर सोभिएको छ । उत्पीडित वर्ग, समुदाय, जाति, क्षेत्र, लिङ्गले आफ्नो लामो बलिदान पश्चात प्राप्त गरेको आरक्षणको हकलाई राजनीतिक दलकै नेतृत्व र नेता अनि त्यही तहका बलिदानको कुनै हक नराख्ने बलिदान विरोधीहरू आरक्षण कार्यन्वयनको तहमा पुगेर दुरूप्रयोग गरेको र प्रतिक्रियावादीहरूको सत्तामा पहुँचका कारण पनि न्यायलय त्यो फैसला गर्न सफल भयो । अहिलेको राज्यसत्ता सञ्चालन भनेको परिवर्तन विरोधी र परिवर्तनको मोलमोलाई गरेर ब्याज खाने दलाल पुँजीपतिहरूको हो । जसकाकारण सजिलैसँग सर्वोच्च अदालतले आरक्षण जातीयताका आधारमा नभई आवश्यकताका आधारमा गर्नु पर्ने फैसला गरेको छ । अहिले देशमा एकल जातीय राज्यव्यवस्था रहेको छ । जसको लागि उत्पीडित भनिने जातजातिहरूले नै यसलाई चुनावको बहुमतको भ्रम सिर्जना गरेर गरिएको निर्णय पनि हो । धेरै कोणबाट अहिले आरक्षणको विपक्षमा फैसला भयो भनेर गुनासो गरेको पनि पाईन्छ । यो जसले गुनासो गरिरहेको छ उसै चुनावको मतले गरेको निर्णय हो काम चाहिँ परिवर्तन विरोधी गर्ने र ब्याज चाहिँ परिवर्तनको खान खोज्नेहरूको कुरा हो । यो राज्यसत्ता सञ्चालन गर्ने राजनीतिक दल र व्यवस्था नै एकल जातिवादी र उत्पीडित जाति, वर्ग, समुदाय, क्षेत्र, लिङ्ग विरोधी हो । परिवर्तन विरोधीहरूको फेर कहिल्यै नछोड्ने र परिवर्तनको ब्याज खान खोजिरहने नेपाली समाजमा आफुलाई बहुमत र सत्ताको आड वरिपरि घुमाईरहने अनि उत्पीडित जाति, वर्ग, समुदाय, क्षेत्र, लिङ्ग हुँ भनेर आरक्षण नै खोज्नु कुन नैतिकता हो । खासमा जो आरक्षणको हकदार हो उसलाई जानकारी समेत हुँदैन । परिवर्तन विरोधी सत्ताको बाजी मार्न हरेक समय दलाली गर्ने दलालहरूका कार्यकर्ताले मात्र खाईरहेको आरक्षण नयाँ राज्यसत्ता नआउन्जेल सरोकारवालाले पाउने नसक्ने भएकाले अदलातको फैसला जे भएपनि खास महत्व राख्दैन । यो निर्णयले ती दलालहरूलाई नै घुमिफिरी रूम्जाटार भने झैं फैसला हो । यो निर्णयले पनि दलाललाई नै आवश्यकता ठान्दछ । हिजो पनि दलालहरू नैलाई आवश्यकता थियो। जातीयताको आधारमा आरक्षण दिंदा निश्चित मान्छेको कब्जामा पर्ने हुँदा त्यसबाट मुक्त गर्नु पर्ने फैसलाको ठहर छ । दलितको आरक्षणको कुरा गर्ने हो भने आजसम्म परिवर्तन विरोधी दलाल दलितले नै खाईरहेका छन् । त्यो आरक्षण पाउन सत्ता चलाउने एकल जातिवादीका श्रीमती वा तिनमा जोडिएका आफन्त र परिवर्तन विरोधी राजनीतिक दलाल दलका दलित कार्यकर्तालाई मात्र सम्भव भएको छ ।

मिति : २०७८/५/४

## सम्पादकीय

### समाजमा बढेको अराजकता र विकृति – ।

अहिले देश अराजकतातिर अघि बढिरहेको छ । राज्य नभएको जनताले अनुभुति गरिरहेका छन् । समाजमा विकुति विसङ्गति भित्राउनेहरू आन्तारिक रूपमा प्रतिगामी दलालको आड लिएर काम गरिरहेका छन् । समाजमा स्वतन्त्र समुहको नाममा सत्यताको अध्ययन नै नगरी ठूलो हा हा र हुँ हुँ गर्ने जामत तयार गरेर हरेक कुराको विरोध गर्ने चलन बढेको छ । हेर्दा सबैका लागि जायज र समुहिक जस्तो बनाउने तर काम भने अरूको विरुद्धमा प्रतिगामीहरूको लोकप्रियताका लागि गर्ने चलन दिनप्रति दिन बढ्न थालेको छ । परिवर्तनका विरोधीहरू अहिले परिवर्तनमाथि औंला उठाउन लागिरहेका छन् । विशुद्ध गैरराजनीतिक समुहका नाममा अन्ततः प्रतिक्रियावादी राजनीतिक दलको नै भित्री आवरणमा काम हुने चलन बढ्न थालेको छ । समाजमा गरिखान देऊ भन्नेहरूका नाममा अरूलाई गरिखान वा गर्न नदिने समुह पनि हावी भईरहेको छ । यस्ता समूहबाट नै समाजमा अराजकता, चोरी, बलात्कारजस्ता घटनाहरू बढिरहेका पनि छन् । यस्ता घटनाको राज्यले गम्भीर रूपमा अध्ययन, अनुसन्धान गर्न जरूरी छ । स्वतन्त्र भनिने हरेक समूहमाथि राज्यले उसका गतिविधि अघि र पछि सुक्ष्म ढङ्गले अध्ययन गर्नु र त्यसमा संलग्न हरेक पात्रको सुक्ष्म तरिकाले अध्ययन अनुसन्धान गर्नु राज्यको दायित्व हुन आएको देखिन्छ । समाजमा स्वतन्त्रताका नाममा धेरै प्रतिगामीहरू र अपराधिक समूहहरूले खेल्ने मौका पाइरहेका छन् । समाजमा सामाजिक सञ्जाल प्रयोग गरेर अनाधिकृत रूपमा मानिसहरूका दैनिक कामकाजलाई आरोप, प्रत्यारोप र लान्छना लगाउने माध्यम बनाएका छन् । यस्ता अनाधिकृत रूपमा समाजमा विकृति विसंगतिलाई बढाउने गरी सामाजिक सञ्जाल प्रयोग गर्ने समाजका गलत तत्वको छानबिन गरी राज्यले नियन्त्रण गर्नु पनि जरूरी छ । अहिले नेपाली समाजमा अध्ययन नै नगरी अरूमाथि सामाजिक सञ्जाल छ भन्दैमा दुरूप्रयोग गरेर गलत प्रतिक्रिया जनाउने र आफु समाजको सेर पल्टिने प्रवृत्तिलाई राज्यले अनुगमन गरेर तत्काल रोक्नु पनि जरूरी छ । कुनै काम सिन्को नभाँच्ने सामाजिक सञ्जालबाट मानिसलाई धम्काएर, प्रभाव पारेर, पर्काएर समाजमा अराजकता मच्चाउनेको संख्या निकै बढिरहेको छ । यसलाई राज्यले बेलैमा नियन्त्रण गर्नु जरूरी छ । सही सुचना, ज्ञानको लागि अहिलेको समयमा सामाजिक सञ्जाल अति नै आवाश्यक साधान हो । यसको दुरूप्रयोग भने अवश्य पनि नियन्त्रण गर्न जरूरी छ । खास गरेर अहिले धेरै प्रतिगामी राजनीतिक दलका दलालहरू समाजमा स्वतन्त्र समूहका नाममा सामाजिक सद्भाव भड्काउने काममा उद्धत भएको पाइन्छ । यस्ता समानका खिलहरूलाई सबैले चिन्न र यिनीहरूको हरेक गतिविधि सुक्ष्म तरिकाले हामी सबले नियालेर सही सुचना राज्य वा सम्बन्धित ठाउँमा उपलब्ध गराउनु सबैको दायित्व हो ।

मिति : २०७८/५/११

## सम्पादकीय

### नेपाली नश्लमा संसदवाद, समाजवाद र वैज्ञानिक समाजवाद... ।

नेपाली समाजमा एकात्मक राज्यसत्ता निर्माण भएपछि व्यक्ति आलो पालो बदलिरहेका छन् । अहिलेसम्म नश्लको राजनीति नै चलिरहेको छ । शाह, राणा, हुदै अहिले पनि एउटा नश्लको नै शासन चलिरहेको छ । मात्र फरक यति हो कि शाह, राणा, पञ्चायत, प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र नाम मात्र फेरिरहेका छन् । नश्लमा शाह, राणा, कोइराला, विष्ट, थापा, श्रेष्ठ, कोइराला, अधिकारी, देउवा, थापा, चन्द, भट्टराई, खनाल, दाहाल, नेपाल, ओली नेपालका अहिलेसम्मका शासक हुन् । जसलाई श्रम, उत्पादन, विकास निर्माण, राष्ट्र, राष्ट्रियता भनेको कस्तो हुन्छ के थाहा ? पैरेका बाउ, बाजे र आफै पनि भारतमा जन्मेका छन् । कृषिप्रधान देशका यी मानिसहरूका नाता सन्तानमा तिराईले मात्र हलो, कोदालो चलाएका होलान् अनि उत्पादनको अर्थ के हो थाहा होला र ? कुनै विश्वविद्यालय नै नटेकी फलामलाई आगो बनाएर विभिन्न आकारमा ढाल्नु, सिङ्गो कपडालाई मानिसको जिउमा मिल्ने पोशाक बनाउनु, काँचो छालाको पाउमा लगाउने जुत्ता निर्माण गर्नु, कृषि औजार हातहतियार, गरगहना बनाउनु, भाडा बर्तन बनाउनु, युद्ध लड्नु, खेतीपाती, पशुपालन, जडीबुटी उत्पादन र महत्वको अनुहार नदेखेको मानिसको नश्ल नै आजसम्मको शासन सत्ताको मालिक बनेको छ-। जसलाई उत्पादन, आविष्कार गर्नु पर्छ भनेर के थाहा उसको संस्कार नै आफै उत्पादन, आविष्कार गर्ने कुरामा जोडिएको छैन् । मानव संसाधनको व्यापार, जलस्रोत, खानी मात्र होइन् राष्ट्र र राष्ट्रियता नै विदेशीलाई सुम्पिएर भएपनि विदेशीसँग हात थाप्ने त संस्कार नै हो । त्यो नश्ल प्रतिक्रियावादी राज्यसत्ताको शासक त बन्यो, अचम्मको कुरा त कम्युनिष्ट पार्टीको मालिक बन्नु त झन अचम्म लाग्छ । सर्वहारा, श्रमजीवीको नेतृत्व गर्ने पार्टीको मालिक पनि उ नै छ । यसले चलाएको प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र र त्यसको चुनाव कल्पना गरी कस्तो होला ? त्यही चुनावमा मानिसहरु भनिरहेका छन्, पाएको अधिकार कसले छोड्छ, सदुपयोग गर्नु पर्छ । आज प्रतिगामी मानव विरोधीको त्यही झोलेले मन्त्र-गरिस्तान देउ, भ्रष्टाचार भयो, सरकारले राम्रो काम गरेन, यस्तो भयो त्यस्तो भयो । उ आफैंले गरेको कर्तुत खोल्न कहिले कही त आफै अरुलाई दोष दुपर्दै चोक, सडकमा समेत उफ्रन्छ । देशद्रोही, स्वर्थमा बिक्ने दलालहरूको चरित्र नै यस्तै हो । आफ्नो स्वर्थ पुरा गर्न आफ्नै आमाको व्यापार गरिरहेका छन् । नाम संसदीय व्यवस्था काम दलालहरूको आफ्नो स्वार्थको व्यापार रहेको छ । यिनको चुनावमा पाएको अधिकार भनेको त्यही सत्ता चलाउनेको नश्लको मात्र हो । राजनीतिमा झोले भनेको यो नश्ल भन्दा फरक नश्लको मानिस हो र हुन्छ । खासमा नेपालमा यो अहिलेसम्म सत्ता चलाउने बाहेकको नश्ल भनेको समाजवादी मान्यतामा हुर्किएको नश्ल हो । जसलाई हामी किरात, मंगोल, आदिवासी, जनजाति भनेर चिन्ने गर्दछौं । जसको शाह वंशको शासन अघि नेपालमा विभिन्न ठाउँमा छरिएर रहेका समाजवादी सत्ताहरु थिए । संसदीय व्यवस्थामा यिनीहरू झोले मात्र हुन् । बरु समाज विज्ञानका आधारमा यो नश्ल वैज्ञानिक समाजवादको हिस्सेदार पनि हो । यो तथ्यले खेतीपाती, पशुपालनका साथै केही श्रमका काम समेत गरेको पाइन्छ । खस आर्यहरू हिन्दु धर्म प्रचार गर्ने कार्यमा घुमन्ते फिरन्ते थिए र उनीहरू खासमा आफ्नो साम्राज्य बनाउने काम गर्दथे । उनीहरू यो देशका साम्राज्यवादीहरु हुन् । खोज, अनुसन्धान, आविष्कार र उत्पादनको काम अहिलेसम्म शासन गरिरहेको खस आर्य नश्लले दमित घोषणा गरेको वर्गले गरेका थिए । यिनीहरू नै नेपालका ऐतिहासिक श्रमजीवी मजदुर वर्ग हुन् । यिनीहरू नै नेपाली समाजका वैज्ञानिक समाजवादी हुन्, सर्वहारा हुन् । नेपालका कम्युनिष्टहरू हुन् तर साम्राज्यवादीहरूले अहिलेसम्म आईपुग्दा विकृत बनाई दिएका छन् । यो वर्ग पनि संसदवादी, समाजवादी व्यवस्थामा राजनीतिक रुपमा झोले नै मात्र हुन् । यिनीहरू मात्र नेपाली समाजका वैज्ञानिक समाजवादी व्यवस्थाका सच्चा पहरेदार र हिस्सेदार हुन् । नेपालमा कम्युनिष्ट पार्टी निर्माण, वैज्ञानिक समाजवादी व्यवस्था यो वर्गको नेतृत्वमा मात्र सम्भव छ । अहिले नेतृत्वको सवालमा भने पुर्ण रुपमा रुपान्तरणको भने आवश्यक पनि छ । वैज्ञानिक समाजवाद बाहेक राजनीतिक रुपमा यो वर्ग राजनीतिक झोले मात्र हो । वैज्ञानिक समाजवाद स्थापनाको लागि यो वर्गले सङ्घर्षको बाटोमा अघि बढ्नु पर्दछ ।

मिति : २०७८/५/१८

## सम्पादकीय

### वि पि को समस्या र समाधान... ।

धरानमा रहेको वि पि कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान भ्रष्टाचारको प्रतिक बन्दै आएको भनेर विगत केही वर्ष यता श्रङ्खलाबद्ध ढङ्गले आन्दोलन हुदै आएको छ । प्रतिसम्म कि पदाधिकारी समेत पैसाको भरमा छनौट भएको भनेर विभिन्न आन्दोलन हुदै आएका छन् । अहिले त केही राजनीतिक दल नै पनि आन्दोलनको प्रतिरोधमा निस्किएको पाइन्छ । यो घटनाले पनि वि पि को मुख्य समस्याले संसदवादी राजनीतिसँग सरोकार राख्दछ भन्ने बुझिन्छ । यसमा संसदवादी राजनीतिक दलको पुरै हालिमुहाली भएको गन्ध आउँछ । एक पटक उपकुलपतिले भनेका पनि थिए छोटो समयमा विज्ञापनको खर्च नियन्त्रण गरेको छु । वि पि कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानले स्थानीय ठाउँबाट प्रकाशन, प्रसारण हुदै आएका सञ्चार माध्यमहरूमा त्यत्रो ठूलो धनराशीको विज्ञापन प्रकाशन गरेको पाइदैन् । यसले केही पत्रकारको भेषमा दलको काम गर्ने खराब तत्वको डरलाग्दो अनाधिकृत काम हुन सक्छ । सारमा भन्दा वि पि को मुल समस्या संसदीय राजनीतिक दलले उत्पन्न गरेको समस्या भएकाले यो समस्याको जिम्मेवार संसदवादी स्थानीय दल नै हुन जरुरी छ । संसदवादी स्थानीय दललाई जनताले घाँटीमा समातेर एक पटक केरकार गरेर सत्यतथ्य नलगाई छोड्नु हुदैन् । खासमा जनता हामीले नै यस्ता समस्या जन्माउने सर्पहरूलाई दुध रहेका छौं । चुनावका नाममा जनमत देखाएर वि पि मात्र होइन देशमा एमसीसीसम्मका सम्झौता गरेर अन्तराष्ट्रिय आतङ्ककारी अमेरिका जस्तो युद्ध पिपासुलाई भित्र्याउने काम पनि हामी जनताकै बलमा संसदवादी दलालहरू गरिरहेका छन् । जनतालाई शान्ति र विकास होइन नेपालका संसदवादी राजनीतिक दलहरूले विनाश र युद्ध जन्माउन चाहिरहेका छन् । वि पि लगायत देशका सबै राष्ट्रघाती समस्या देशबाट संसदवादी दलका नेता र तिनका दलालहरूलाई नलखेटी समस्याको समाधान हुन सक्दैन् । संसदवादी दल र नागरिक सञ्जालका नाममा वि पि को शुद्धिकरण गर्ने भन्ने नाममा आन्दोलन पनि भईरहेको छ । यसमा के सत्यता छ त ? नागरिक सञ्जाल भनेकै तिनै राजनीतिक दलका नेता तथा कार्यकर्ता रहेका छन् । नाम नागरिक सञ्जाल काम राजनीतिक दलकै छ र भाषा, संकेत मिल्छ । प्रायः तिनै राजनीतिक दलका बफादार सिपाहीहरू नै नागरिक सञ्जालको खिल्लामा आन्दोलन गरिरहेका छन् । संकेत, निर्देशन वि पि को समस्या सिर्जना गर्ने कै इशारामा छ । यसले वि पि को समस्या समाधान गर्न सक्दैन् । वि पि जस्तो स्वास्थ्य क्षेत्रमा खेलवाड गर्नु भनेको सबैभन्दा ठूलो अमानवीय अपराध हो । यो अमानवीय अपराधको विरुद्धमा अपराधमा संलग्नलाई जनस्तरबाट नै कडा ढङगले नियन्त्रण लिएर कार्वाही गर्न जरुरी छ । वि पि का केही पूर्व पदाधिकारी, अहिलेका पदाधिकारी र अहिलेसम्म सत्ताको स्वादमा पुगेका स्थानीय संसदवादी दल र तिनलाई सहयोग पुऱ्याउने केही उश्रृङ्खल, अराजक, प्रतिगामी तत्वलाई जनकार्वाही नगरिकन वि पि को सबै समस्या समाधान हुन सक्दैन् । अब संसदवादी दलको शुद्धिकरण आफूलाई वि पि मा स्थापित गरेर झन् गजबको अखडा बनाउने योजना मात्र हो । वि पि को पहिलो समस्याका मुल कारण संसदवादी राजनीतिक दल नै हुन् । यसको समाधान पनि वि पि मा तिनको हालिमुहालीको अन्त्यसँगै हुन्छ । यो प्रश्न व्यवस्थासँग सरोकार राख्दछ । जति जे जे गरेपनि दलाल संसदीय व्यवस्था रहेसम्म वि पि को समस्या पनि रही नै रहन्छ । देशको व्यवस्था नै खराब भएकाले हामीले वि पि को खराबी शुद्धिकरण गर्छु भन्नु त्यो खराबीलाई नै सहयोग पुऱ्याउनु बाहेक केही पनि होइन । नेपाली जनताको प्रवृत्ति भनेको खराब चीज छान्ने र सही कुरा खोज्ने भएकाले पनि यस्तो समस्याको शिकार भईरहनु परेको छ । यो समस्या समाधानको लागि अब देशभक्त, क्रान्तिकारीहरूको २२ दलीय मोर्चाको निशान बन्न जरुरी छ ।

मिति : २०७८/५/२५

## सम्पादकीय

### शान्ति र समृद्धिको बाधक... ।

नेपाली समाजमा पछिल्लो चरणमा जनताले चुनेका राजनीतिक दलहरू नै राष्ट्रको ब्यापारी बनेका छन् । राष्ट्रको ब्यापारी बनेर जनताले नै फालेको प्रतिगमनको सिनो पनि जगाउनेका काम गरिरहेका छन् । हिजो आफ्नो वंश र सत्ता जोगाउन जनताको होली खेल्ने आज देशभक्त बनिरहेका छन् । त्यो जनताको नरसंहार गर्ने कसरी देशभक्त हुन सक्छ ? आज देशको सवालमा दुई कुरा भएको छ । एउटा देश र जनताका असली शक्तिका बीचमा देश र जनताकै मुद्दा उठाएर प्रतिगमनकारीहरू देशभक्त शक्तिका रूपमा घुसपैठ गरिरहेका छन् । योस्तो कुरा वंश र सत्ताको नाममा जननरसंहार गर्ने सामन्ती प्रतिक्रियावादीहरू देश र जनताको सवालको बहानामा जनताको बलिदानले ल्याएको गणतन्त्रलाई बुर्जुवाकरण गर्ने र आज हत्या गर्ने आवाज ओकलिरहेका छन् । यो दलाल संसदवादीहरूको गुरुयोजनामा भएको छ । परिवर्तन नचाहने अहिलेका दलाल संसदवादीहरू पञ्चायत, प्रजातन्त्रको नाम गणतन्त्र फेरेर आफैं सकुन्जेल देश र जनता लुट्ने नसके पुराने प्रतिक्रियावादी एकल वंशीय शासकलाई शासन सुम्पने योजनामा उनीहरू नै प्रतिगामी जननरसंहारकारीलाई उचालिरहेका छन् । राजतन्त्र र प्रजातन्त्रको भेषमा दलाल संसदीय ब्यवस्थाको सत्ता चलाउनेहरू नै अहिले देश विरोधी, जनविरोधी, राष्ट्र-राष्ट्रियता विरोधी भएर निस्किएका छन् । यिनलाई नेपाल र नेपालीको कुनै माया/ छैन । विदेशीको सुख, शान्ति र समृद्धिमा मात्र चिन्तित छन् । यिनीहरू देशलाई विभिन्न सन्धि सम्झौताका नाममा बेचिरहेका छन् । यी दुवैको काम जनतालाई चुस्ने, दास बनाउने, सत्ता हातमा लिएर सत्ता र शक्तिको ब्यापक दुरुप्रयोग गरेर जनदमन गर्ने र सन्धि सम्झौताको नाममा देशै नै थाउमा राखेर खाने र मोजमस्ती गर्ने हो । अहिले पछिल्लो चरणमा दलाल संसदवादीहरूले देशै बेचेर खाने योजनामा गरेको राष्ट्रघाती एमसीसी सम्झौताको नाममा प्रतिक्रियावादी नरसंहारकारी प्रतिगामीलाई सडकमा उतारिरहेका छन् । जनताको रगत लतपतिएको गणतन्त्रको विरुद्धको नारा दलाल संसदवादीहरूको मिलेमतोमा नै लगाइएको हो । वास्तवमा देश बेचेर खाने दलाल संसदवादीहरू नै गणतन्त्र विरोधी हुन् । जनताको रगत लतपतिएको गणतन्त्र विकृत बनाउने पनि यिनै हुन् । अब नेपाली जनताले पहिलो लडाई दलाल संसदवादीका विरुद्ध लड्नु पर्दछ । त्यो सँगसँगै प्रतिक्रियावादीका विरुद्ध पनि लड्नु पर्दछ । दलाल संसदवादी सकिएमा प्रतिक्रियावादी उठ्ने हुन्छ । यी दुवै अहिलेको परिस्थितिमा सिक्काका दुई पाटो झैं हुन् । देश र जनताका लागि यी दुवै प्रधान शत्रु हुन् । यिनले आफ्नो सत्ता र कुर्सीका लागि देश र जनता दुवै बेचिरहेका छन् । देश विभिन्न सन्धि सम्झौताका नाममा विदेशीका नाममा सुम्पिरहेका छन् । जनतालाई देशमा सबै उत्पादनका क्षेत्र तहस नहस पारेर परनिर्भर बनाई वैदेशिक रोजगारका नाममा बेचिरहेका छन् । अझै पनि नेपाली जनता भने बलिको बोका झैं यिनकै पछि लागिरहेका छन्। विकिरहेका छन् । अहिले सिमा अतिक्रमण, विदेशी धर्म र संस्कारको प्रवेश, सन्धि सम्झौता, हरेक प्रयोजनमा सहयोग, अनुदान हात थापेर देश बेचिरहेका छन् । यी सबै क्षेत्रमा संलग्न सबै राष्ट्रघाती दलालहरू हुन् । यी गतिविधि शान्ति र समृद्धिका बाधक हुन् । यी सबै गतिविधिका विरुद्ध सङ्घर्ष नगरिकन देश बचाउन सकिदैन । जनता वैदेशिक रोजगारका नाममा बेचिरहेका छन् । बल हुने विदेश र बल नहुने स्वदेशमा रहेरका छन् । आफ्नै देशमा पौरख र पसिना सबैले नपोखिकन देश समुन्नत बन्न सक्दैन । यिनको विरुद्धको लडाईको विजय नै देश र जनतामा शान्ति र समृद्धिको ढोका खोल्नु हो । यिनको अन्त्य नहुन्जेल देशमा शान्ति र समृद्धिको ढोका नै खुल्न सक्दैन् ।

मिति : २०७८/६/८

## सम्पादकीय

### चाडपर्वको वहानामा ठगी धन्दा... ।

अहिले कोरोना महामारीको संक्रमणले विश्वलाई नै आक्रान्त पारिरहेको अवस्थामा नेपाली समाजमा पनि चाडपर्वहरू नजिकी रहेका छन् । जसले गर्दा दैनिक उपभोग्य बस्तुहरूदेखि लिएर सार्वजनिक यातायातको भाडाका ब्यापारी, ब्यावसायीहरूले मनपरी रूपले ठगी धन्दा चलाउन थालेका छन् । पछिल्लो चरण सार्वजनिक यातायातमा २८ प्रतिशत भाडा वृद्धि गरिएको भनेपनि सो भन्दा बढी भाडा असुल्न थालेका छन् । ब्यापारी र ब्यावसायीलाई मात्र कोरोना महामारी आएको होइन । महामारीको समयवधिमा भएको घाटा ब्यहोर्न ब्यापारी ब्यावसायीहरूले लुटको धन्दा मच्चाउँन थालेका छन् । यसमा राज्यको पनि संलग्नता देखिन्छ । तेलमा प्रतिलिटर १/२ रूपैयाँ मुल्यवृद्धि हुँदा २८ प्रतिसतभन्दा बढी भाडा बढाउने काम राज्ले नै गरेको छ । यो सर्वसाधारण नागरिकको हितविपरित छ । यो दलाल पुँजीपति वर्ग राज्यसत्ताको कदम अत्यन्तै निन्दनीय र खेदजनक छ । यो समयमा बढीमात्रमा कालोवजारी, तस्करी, ठगी र मुल्यवृद्धि हुने त सम्भावना छदैछ । त्यो सम्भावना नभएमा कृत्रिम अभाव सिर्जना गरेर भएपनि हरेक वर्ष अपराधिक क्रियाकलाप भइरहेको प्रष्ट नै छ । अहिले राज्य अत्यन्तै लाचार र गैर जिम्मेवार भएको छ । यसको उदाहरण सुनसरीको धरानमा भदौ ४ गतेदेखि १३ गतेसम्म गर्ने भनिएको कडा किसिमको वन्दवन्दी घोषणालाई लिन सकिन्छ । त्यो अवस्थामा धरानवासी भदौं २ र ३ गते त्रसित भएर किनमेल गर्न निस्किएको वजारको भिडभाड सिर्जना गर्ने कार्य अत्यन्तै अमानवीय थियो । जसको कारण ती दुई दिनमा धरान बजार मा भएका सबै दैनिक उपभोग्य वस्तु करिव वजारमा नै रित्तो वनाइएको थियो । मानिस त्रासले संक्रमणको वेवास्ता गरेर वजारमा उत्रिएका थिए । स्थानीय निकायले महामारीको भयावह अवस्था सिर्जना हुने चेतवानी दिइरहेको थियो । जसको विरोधको वावजुद वन्दावन्दी स्तगन भयो । तर, स्थानीय निकायले कुनै आत्माआलोचना समेत गरेन । त्यसै गरी धरान उपमहानगरपालिकाले नै दशैं तिहार अगाडी विद्यालयहरूमा भौतिक उपस्थिति भइ पठनपाठन नगर्ने निर्णय लियो तर, यही असोज १० गतेदेखि त्यही कार्यलयले विद्यालय सुचारू आदेश दियो । जसको कारण थियो दशैं तिहार खर्च । यसरी आफ्नै निर्णय समेत कार्यन्वयन गर्न नसक्ने स्थानीय सरकारले महंगी, ठगी धन्दाको नियन्त्रण गर्न सक्ने सम्भावना कति छ ? कुनै पनि हालतमा यो दलाला पुँजीपति संसदीय ब्यावस्था र यसको मातहतमा चल्ने कुनै पनि निकायले न्युनतम जनहितकारी काम गर्ने सम्भावना छैन । कर असुल्न महामारी हट्ने तर, जनतालाई गरीखान निषेध गर्ने यो राज्यले जनताको हितको पक्षमा देखिन्दैन । जनताले आफैं अब हुने चाडपर्वको वहानाका कालोवजारी, कृत्रिम अभाव, महंगी, ठगी, खाद्यान्नमा मिसवट, मुल्यवृद्धि जस्ता धन्दाहरूको प्रतिरोध नगरीकन न्याय पाउने कुनै पनि सम्भावना नै छैन । यसको निम्ति सबै सर्वसाधारण नागरिक एकजुट भएर यो वेथिति, विसंगति, गैरजिम्मेवारी र लाहाचारीपनको विरुद्धमा कडारूपमा प्रस्तुत हुन आवश्यक देखिन्छ ।

मिति : २०७८/६/१५